# विवादास्पद अभिव्यक्ति विरुद्ध मगर र तामाङ समुदायको आन्दोलनमा प्रहरी हस्तक्षेपका सम्बन्धमा आयोग समक्ष बुझाएको

# अध्ययन प्रतिवेदन

## आदिवासी जनजाति आयोग

पुल्चोक, ललितपुर

प्रतिवेदन पेश मिति २०८०।५।१७

# विवादास्पद अभिव्यक्ति विरुद्ध मगर र तामाङ समुदायको आन्दोलनमा प्रहरी हस्तक्षेप सम्बन्धमा गरिएको अध्ययन प्रतिवेदन

## १. पृष्ठभूमि

नेपाल बहुजातीय, बहुधार्मिक र बहुसांस्कृतिक राज्य हो भन्ने हृदयङ्गम गरी अभिव्यक्ति दिनु पर्नेमा २०८०।०४।७ गते प्राइम टाइम्स टि.भि.मा दिक्पाल कार्कीद्धारा संचालित चिया गफ कार्यक्रममा अधिवक्ता भगवती पाण्डेले अन्तरवार्ता दिने क्रममा तामाङ र मगर जातिमा दाजुबहिनी बीचमा बिबाह हुने गरेको र त्यस्तो सम्बन्धबाट जन्मिएको बच्चा आपराधिक मानसिकताको हुन्छ भन्दै भैंसी र बाख्रासँग तुलना गरेकोले सिङ्गो तामाङ र मगर लगायत आदिवासी जनजाति समुदायको प्रथाजनित अभ्यासमाथि धावा बोल्नुका साथै आनुवांशिक रुपमा नै अपराधिकरण गर्दै मान्छेलाई जनावरसँग तुलना गरी दिएको कल्पोकल्पित, भ्रामक र तथ्यहीन अभिव्यक्ति टि.भि. युट्युब र टिकटकबाट समेत प्रत्यक्ष तथा रेकर्ड प्रशारण भएको कुराले आत्मसम्मानमा गम्भीर चोट पुगी गलत अभिव्यक्ति सच्याउन पटक पटक अनुरोध गर्दा समेत अटेरी गरे पछि मिति २०८०।०४।०९ गते आवश्यक कारबाही गरी पाऊँ भनी जिल्ला प्रहरी परिसर टेकुमा उजुरी परिसकेपछि पनि लामो समय सम्म पक्राउ नपरेको कारणले नेपाल मगर संघ र नेपाल तामाङ घेदुङ संघीय समितिले छुट्टा छुट्टै पत्रकार सम्मेलन गरेर २०८०।०४।१७ गते बाध्य भई जिल्ला प्रहरी परिसर टेकु घेराउ गरेको थियो ।

१७ गते दबावमुलक घेराउ कार्यक्रम राखेको जानकारी पाए पछि मात्र भगवती पाण्डेलाई बिहान हाजिर गराएका हुन् सो कुरा समयमै जानकारी गराएको भए उक्त घटना घट्ने थिएन । तथापि १ घण्टा भित्र शान्तिपूर्ण ढंगले सम्पन्न गर्ने कार्यक्रम रहेकोमा प्रहरीले अनावश्यक बल प्रयोग गरी चार दर्जन बढीलाई पक्राउ गर्नुको साथै अश्रु ग्यास, लाठी चार्ज गरी एक दर्जन बढी महिला तथा पुरुष आन्दोलनकारीलाई नियन्त्रणमा लिई चरम यातना दिएको, गेटबाट टाढा पुगी सकेकालाई समेत लखेटी निर्घात कुटपिट गरेको, सुन्न, भन्न र लेख्न समेत नसकिने शब्द प्रयोग गरी गाली गलौज गरेको र पुरुष प्रहरीले महिलाको संवेदनशील अंगमा समेत कुटपिट गरी अमानवीय व्यवहार प्रदर्शन गरी निहत्था आन्दोलनकारीको टाउको, जिउ र हातखुट्टामा चोट पुऱ्याई गम्भीर घाइते बनाएको, चरम मानसिक यातना दिई मरणाशन्न हुनेगरी कुटपिट गरी घाइते समेत बनाई उपचारको लागि अस्पताल लाने बहानामा उपचार नगरी घण्टौसम्म प्रहरीको गाडीमा सडकमै राखी थप प्रताडित बनाएकोले जिल्ला प्रहरी परिसर काठमाडौंको उक्त कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा १६७(१,२,र

३) विपरीत व्यवहार गर्ने, कसूरको नेतृत्व गर्ने, मातहतका कर्मचारीहरुलाई आदेश दिने प्रहरी वरिष्ठ उपरीक्षक दान बहादुर कार्की तथा उक्त आदेशलाई कार्यान्वयन गरी अमानवीय ढंगले कुटपिट गर्न निर्देशन दिने प्रहरी नायव उपरीक्षक अनिल अधिकारी, प्रहरी निरीक्षक राजन तामाङ एवं बर्दिमा नाम उल्लेख नभएका र कुटपिटमा संलग्न अन्य प्रहरीहरुलाई ड्युटीमा रहेको पहिचान गरी सजाय एवं विभागीय कारबाही गर्न र नेपालको संविधान प्रदत्त धारा १६ को सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १८ को समानताको हक, धारा २४ को छुवाछुत तथा भेदभाव विरुद्धको हक, धारा ३२ को सांस्कृतिक हक तथा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व शीर्षक अन्तर्गतको धारा ५१(ग) को सामाजिक र सांस्कृतिक रुपान्तरण सम्बन्धी नीति समेतको विपरीत हुन गई उक्त कार्यका विरुद्ध संयुक्त राष्ट्र संघ लगायत मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय संघ संस्था, लगायतका सरोकारवालालाई घटनाको यथोचित सूचना सम्प्रेषण गर्न, चरम यातना दिने जिल्ला प्रहरी परिसर टेकुको संलग्न प्रहरीहरुलाई कारबाही गर्नुका साथै श्रावण १७ गतेको घटनामा घाइते भएका अभियन्ताहरुलाई उपचार खर्च एवं उचित क्षतिपूर्तिको व्यवस्था गर्ने र सामाजिक सहिष्णुता माथि नै खलल पुग्ने गरी दिएको अभिव्यक्तिले नेपालको संविधान प्रदत्त सम्मानपूर्वक बाँच्न पाउने हक, छुवाछुत तथा भेदभाव विरुद्धको हक, संस्कृतिको हक प्रतिकुल हुनुका साथै जातीय भेदभाव तथा छुवाछुत (कसूर, सजाय) ऐन, २०६८ को दफा ४(१२), दफा ७(१) (ख) विपरीतको कसूर, मुलुकी अपराध संहिता २०७४ को दफा ६५(१) बमोजिम सार्वजनिक शान्ति खलल पार्ने, ऐनको दफा ६५(२) बमोजिम सजाय हुने कसूर, विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७(१) र (२) विपरीतको कसूर गरेको हुनाले निजहरुलाई एकीकृत कसूर समेत गरेको हुँदा मुलुकी अपराध संहिता, २०७४ दफा ४३(१)(२) बमोजिम थप सजाय मागदावी गरेकोमा सम्मानीत जिल्ला अदालत काठमाडौंबाट सामान्य सोधपुछ पछि माथवर व्यक्तिको जिम्मामा छोडिए पनि अदालतमा विचाराधीन रहेकोले कानून बमोजिम कारबाही गर्नु पर्ने सर्वत्र आवाज उठ्दै आएको छ ।यसै सन्दर्भमा अधिवक्ता पाण्डेलाई पक्राउ गरी कानूनी कारवाही गरी पाउनको लागि माग राखी शान्तिपूर्ण धर्नाको अवस्थामा निशस्त्र धर्नाकारी समुदायमाथि निर्ममतापूर्वक दमन गरी प्रहरीले ज्यादती गरेकोले कारवाहीको सिफारिस गरी पाउँ भन्ने नेपाल मगर संघ र नेपाल तामाङ घेदुङ संघीय समितिको निवेदन आयोगमा परेकोले सो घट्नाको सत्य तथ्य पत्ता लगाउन एक छानबिन समिति गठन गरिएको थियो।

## २. अध्ययनको उद्देश्य

अधिवक्ता भगवती पाण्डेको अभिव्यक्तिबाट उत्पन्न भएको घट्नामा प्रहरीद्वारा आन्दोलनकारी माथि भएको ज्यादतीको सत्य तथ्य छानबिन गरी प्रतिवेदन तयार पार्ने ।

## ३. अध्ययनको औचित्यता

नेपाल मगर संघ र नेपाल तामाङ घेदुङ संघीय समितिको संयुक्त निवेदनमा अधिवक्ता भगवती पाण्डेको विवादास्पद अभिव्यक्ति र २०८०।४।१७ गते प्रहरीको दमनले मानव अधिकारको गम्भीर उल्लंघन भएकोले आयोगबाट सो सम्बन्धी सत्य तथ्य पत्ता लगाउन अध्ययन एवं छानबिन गरियोस् भन्ने निवेदन पर्न आएकोले आयोगको मिति २०८०।०४।२२ गतेको निर्णय बमोजिम छानबिन समिति गठन भई कार्यक्षेत्र सहित १५ दिन भित्र अध्ययन तथा छानबिन गरी सिफारिस गर्न निर्देशन भए बमोजिम यस अध्ययनको औचित्यता निम्न बमोजिम रहेका छन् ।

क) अधिवक्ता पाण्डेको अभिव्यक्तिले आदिवासी जनजाति संस्कृति माथिको असरले तत्काल मगर र तामाङ समुदाय आन्दोलित भई जातीय सद्भाव असन्तुलित हुन सक्ने सम्भावनालाई रोक्न सहयोग पुग्ने छ,

ख) आदिवासी जनजातिको मौलिक सांस्कृतिक, परम्परा तथा प्रथाजनित कानूनका विरुद्ध आउने अभिव्यक्तिलाई निरुत्साहित गर्न सक्ने छ,

ग) लोकतान्त्रिक व्यवस्थामा मानव अधिकारको प्रत्याभूत गर्नु गराउनु राज्यको मूल दायित्व हो । नागरिक आन्दोलनलाई बर्बरतापूर्ण दमन गरिनु लोकतान्त्रिक व्यवस्थाकै उपहास हुन जाने हुनाले यस प्रति सबै पक्षलाई उत्तिकै जवाफदेही पनि बनाउन जरुरी छ,

घ) सामाजिक सद्भावमा विचलन आउँन नदिनको लागि राज्यका निकाय र संयन्त्र, नागरिक बुद्धिजिवि र समाजको अनुकरणीय भुमिकामा निर्वाह गर्दछ ।

## ४. अध्ययन विधि

यो अनुसन्धान एक घटना अध्ययन अनुसन्धान हो । यस अनुसन्धानमा, घटनामा संलग्न आदिवासी सांस्कृतिक मान्यता विपरीत अभिव्यक्ति दिने अधिवक्ता भगवती पाण्डे, मगर र तामाङ समुदायसँग आबद्ध पदाधिकारीहरु, प्रहरी प्रशासन, पिडित घाइते, अन्य कानून व्यवसायीहरु, विज्ञ लगायतसँगको प्रत्यक्ष भेटघाटबाट सहभागितामूलक विधिको प्रयोगद्वारा

तथ्याङ्क संकलन गरी संलग्न पक्षहरुको भनाई विश्लेषण गरिएको छ । यो एक प्रकारको गुणात्मक अध्ययन हो र यसमा व्यक्तिगत र समुहगत छलफल तथा प्रश्नोत्तर विधि अपनाइएको छ ।

यस्ता घटनाहरुले सदिऔंदेखि सामाजिक सद्भावका साथ बस्दै आएको समाज र विविध जातीय एकतामा खलल् पर्ने हुँदा यस सम्बन्धी थप अध्ययनको जरुरी पर्दछ ।

## ५.अध्ययनको सीमा

यो अध्ययन नितान्त अधिवक्ता भगवती पाण्डेको नकरात्मक अभिव्यक्तिले मगर र तामाङ जातीय सांस्कृतिक अधिकार हनन् गर्ने अक्षम्य अपराध गरेकोले कारबाहीको माग गर्दै गरिएको आन्दोलनको क्रममा २०८० साल श्रावण १७ गते टेकु प्रहरी परिसरमा गरिएको धर्नाको सिलसिलामा घटेको घटनासँग सम्बन्धित छ । श्रावण ७ गतेको प्राइम टि.भि.को चियागफ कार्यक्रममा प्रशारित अभिव्यक्तिले प्रभावित मगर र तामाङ समुदाय र उनीहरुको सांस्कृतिक मूल्य मान्यताको विश्लेषण समेत यस अध्ययनको क्षेत्र थियो भने सूचनाको श्रोत घटनामा संलग्न संघ संस्था, व्यक्ति तथा समुदायका प्रतिनिधिहरु हुन् ।यो अध्ययन प्रतिवेदन आयोगको अनुमतिबिना कसैले श्रोतको रुपमा प्रयोग गर्न पाउने छैन ।

## ६.मानव अधिकार हनन भए नभएको सम्बन्धी अध्ययन तथा छानबिन

अधिवक्ता भगवती पाण्डेको प्राइम टाइम्स टि.भि.मा विवादास्पद अभिव्यक्ति मगर र तामाङ समुदायको सांस्कृतिक परम्परा, प्रथा एवं मौलिक संस्कार प्रति वितृष्णा फैलाउने गरी आएको कारणले पक्राउ गरी कानूनी कारबाही गर्न प्रहरी परिसर टेकुमा जाहेरी दरखास्त परे पछि तुरुन्तै निज भगवती पाण्डे पक्राउ गर्नु पर्नेमा पक्राउ गर्न ढिलासुस्ती गरेको र त्यही कारणले २०८०।४।१७ गते सम्बन्धित समुदायले दवावमूलक धर्ना कार्यक्रम राखिएको भएतापनि समयमै भगवती पाण्डे पक्राउ परेको जानकारी गराएको भए १ घण्टाको उक्त धर्ना कार्यक्रम स्थगित हुन सक्थ्यो । धर्ना कार्यक्रममा मगर र तामाङ समुदाय लगायत अन्य आदिवासी जनजातिहरुको पनि उपस्थिति थियो र प्रहरीले भगवती पाण्डे पक्राउ परी सकेको जानकारी गराए पश्चात १० मिनेट भित्र कार्यक्रम सम्पन्न गर्न लाग्दा एक्कासी झडप भएको देखिन्छ । उक्त झडपमा प्रहरी र धर्नामा आएका व्यक्तिहरु दुवै तर्फ घाइते भए तर दोहोरो भिडन्तमा भन्दा पनि धर्नामा आएका व्यक्तिहरुलाई पक्राउ गरी जघन्य अपराध गरेर आए जस्तो नियन्त्रणमा लिई मरणाशन्न हुने गरी कुटपिट गरेको र घाइतेहरुलाई राम्रो उपचार समेत नगरेको भन्ने पिडित पक्षहरुको भनाईलाई आयोगको कार्यदलले सुक्ष्म रुपमा अध्ययन गर्दा प्रहरीबाट सम्यम्मता अपनाएको पाइएन र धर्ना कार्यक्रममा पनि गलत आशयका

व्यक्तिहरुको घुसपैठ हुन सक्ने भएता पनि प्रहरीको प्रमुख कर्तव्य र दायित्व भनेको देशमा शान्ति सु-व्यवस्था कायम राख्नु हो तर जिम्मेवारी बहन गर्ने नाममा आफ्नो नियन्त्रणमा लिए पछि पनि अमानवीय व्यवहार गर्नु उचित हुँदैन । प्रहरीबाट धेरै ज्यादती भएको पाइएको शान्तिपूर्ण कार्यक्रममा धरपकड गरी मानव अधिकारको हनन भएको हुनाले दोषी प्रहरीहरु माथि कारबाही गर्नु पर्ने देखिन्छ ।

## ७. अधिवक्ता भगवती पाण्डेको अभिव्यक्तिले जातीय सद्भावमा दीर्घकालीन रुपमा पर्ने असर र यसको न्यूनीकरण ।

हाम्रो समाज विविधता बीच एकता भएको समाज हो । २०७८ सालको जनगणनाको तथ्याङ्कमा १२४ भाषी र १२५ जाति भन्दा बढी जात जाति भएको पाईन्छ । तसर्थ पाण्डेको भनाईले यो नेपाली समाज कता जाने हो ? मनन गर्नुपर्ने रह्यो । कुनै एक जातिले अर्को जातिको सन्दर्भमा बोल्नु अल्पज्ञान हुन सक्ने र यस्ता भनाईले दीर्घकालीन अवस्थासम्म नकारात्मक प्रभाव पार्न सक्छ । हाम्रो समाज सदियौंदेखि जातीय सद्भावका साथ चलि आएको हो भन्ने यथार्थ मनन गर्नु सक्नु पर्दछ । हामीले संविधान, ऐन, कानून एवं नियममा सबै जात जाति बराबर छ भनिए पनि हाम्रो सोँचमा अझै परिवर्तन हुन सकेको छैन। आफ्नो संस्कृति सबैलाई प्यारो लाग्छ तर अर्काको संस्कृति बेठिक छ भन्नु किन्चित न्यायोचित हुन सक्दैन । एकले अर्काको संस्कृति, परम्परा एवं प्रथाको सम्मान गर्न सक्नु नैं महानता हो । सबैको संस्कृतिलाई सम्मान गर्न सकिएन भने जातीय तथा क्षेत्रीय सद्भावमा खलल आउन सक्छ । यस्ता सद्भाव भड्काउने खालका अभिव्यक्तिहरु आउनु दुःखद कुरा हुन् र यस्ता विषय नउठोस् भन्ने आशयले नेपालको संविधान, कानून एवं नियममा नै बर्जित गरेको छ । बर्जित गर्नुका मुख्य ध्येय जातजाति बीचमा सद्भाव नभड्कोस भन्नु हो र नेपालमा अहिलेसम्म सबै जातजाति भाषा भाषी मिलेर बसिरहेको समाजलाई कतैबाट सामाजिक सद्भावमा खलल पुऱ्याउने किसिमबाट अभिव्यक्ति दिनेलाई कानूनको दायरामा ल्याई सजायको भागिदार बनाउनु पर्दछ ।

## ८. अध्ययन अनुसन्धानमा पाइएका तथ्य तथा सूचना

### (क). नेपाल तामाङ घेदुङ सङ्घीय समितिको अभिव्यक्तिको सारसंक्षेप

कुनै पनि व्यक्ति आफ्नो भाषा, धर्म, संस्कार, प्रथा र परम्पराप्रति भावनात्मक रुपमा जोडिएको हुन्छ। यी भावनासँग गाँसिएका विषयमा अपमानजनक अभिव्यक्ति आउँदा ऊ प्रतिकारमा उत्रिन्छ। यसको उदाहरण हो २०८० श्रावण ७ गते बिहान ८:००

बजे दिक्पाल कार्कीसँग चियागफमा प्रसारण गरिएको कार्यक्रमले सिर्जना गरेको घटनाक्रममा बढ्दो अपराधका कारणको प्रसङ्गमा अधिवक्ता भगवती पाण्डेको मगर, तामाङ र मुस्लिम समुदायमा दाजु बहिनी बीच बिबाह हुने प्रथाले समाजमा अलि बढी अनौठो र अरु भन्दा अपराधमा बढी संलग्नता भएको पाईन्छ भन्ने अभिव्यक्ति थियो । जुन अभिव्यक्ति सञ्चार माध्यमबाट देशव्यापी रुपमा फैलियो र विवादको विषय बन्यो। उक्त अभिव्यक्तिले आदिवासी जनजाति समुदाय मर्माहित हुन पुगेको र विरोध स्वरुप धर्ना गर्दा २०८० श्रावण १७ गते दुःखद घट्ना हुन पुग्यो। भगवती पाण्डेको अभिव्यक्तिका बारेमा २०८० श्रावण ७ गते बेलुकी तिर थाहा पाए पछि के गर्ने भन्ने सम्बन्धमा अध्यक्ष बाहिर भएकोले कार्यवाहक अध्यक्षसँग छलफल गरी प्रहरी परिसर टेकु, गृह मन्त्रालय, आदिवासी जनजाति आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय मानव अधिकार आयोग, इन्हुरेड इन्टरनेशनल नेपाल, इन्सेक नेपाल, Advocacy Forum Nepal लगायतमा निवेदन दिई मानव अधिकारवादी संघ संस्था तथा कानून व्यवसायीसँग छलफल गरी अदालतमा मुद्दा हाल्ने विषयमा छलफल भयो र भगवती पाण्डेसँग संस्थागत रुपमा भेटेर छलफल नगरेतापनि व्यक्तिगत रुपमा भेट्दा उहाँमा आफ्नो अभिव्यक्तिप्रति पश्चातापको भाव नदेख्दा नेपालका विविध जाति, भाषा, धर्म, संस्कार, संस्कृति प्रथा र परम्परालाई सम्मान तथा स्वीकार गर्न नसक्नु भएकोले आदिवासी जनजातिमा बढ्दै गएको असन्तुष्टि र आक्रोशलाई न्यायपूर्ण ढंङ्गले समाधान गर्न टेकु प्रहरी परिसरबाट पक्राउ परेको जानकारी नगराएको तर श्रावण १७ गते धर्ना शुरु भैसकेपछि भगवती पाण्डे पक्राउ परीसकेको छ धर्ना कार्य स्थगन गर्नु पर्यो भनी प्रहरीबाट अनुरोध गरिए पछि दुबै संस्थाका अध्यक्षहरु भित्र गई हेर्दा पक्राउ परीसकेको थाहा पाएपछि धर्ना कार्यक्रम स्थगन गर्न लाग्दा एक्कासी झडप हुन पुग्यो । झडप भैसकेपछि धर्नामा भएका केहि व्यक्तिहरुलाई पक्राउ गरी हिरासतमा लिइसकेपछि निर्मम ढङ्गले गम्भीर घाइते हुने गरी विशेष गरी महिलाहरुलाई पुरुष प्रहरीहरुले वन्दुकको कुञ्ञो, वुट लाठ्ठीले हानी गम्भीर घाइते बनाएको देखिन्छ । हिरासतमा लिएपछि उक्त कार्य गर्नु मानव अधिकारको घोर उल्लङ्घन गर्नु हो तसर्थ उक्त घट्नामा संलग्न प्रहरीहरुलाई कानूनी कारबाही हुनु पर्दछ । साथै हामी तामाङ समुदायमा माइतिको हरेक संस्कारमा दाजु बहिनी चाहिन्छ र दिदी बहिनीको हरेक प्रचलनमा दाजुभाई सामेल गराईन्छ, दाजुबहिनी बीचमा बिबाह हुँदैन। तामाङ

समुदायमा चेलीसँग ह्वुई (हड्डी) नपठाउने प्रचलनले बिबाहपछि उनीहरुको थर परिवर्तन हुँदैन। दुध बार्ने चलन पनि छ। यसले तामाङ समुदायमा दिदीबहिनी दाजुभाईबीचको पवित्र सम्बन्धलाई उजागर गर्दछ। यस्तो संस्कृति नबुझी दाजुबहिनी बीचको पवित्र सम्बन्धलाई बिबाहसँग जोडी पम्परागत संस्कृति र संस्कारमा आघात पुऱ्याएको छ। वैज्ञानिक रुपमा पुष्टी नभएको विचार व्यक्त गरी तामाङ समुदायका सन्तानलाई अपराधी सावित गर्न खोजिनु, Breeding लाई पशु भन्दा तुच्छ रुपमा चित्रण गरिनुले जातीय सद्भावमा आँच पुऱ्याएको छ। मामाचेला फुपु चेला बीच बिबाहबाट जन्मेका सन्तान राम्रो हुँदैन भन्ने विचार वैज्ञानिक रुपमा पुष्टी भएको छैन। आदिवसी जनजातिको प्रथाजनित कानून नेपालको न्याय व्यवस्था र अन्तर्राष्ट्रिय सन्धि सम्झौताबाट समेत मान्यता प्रदान गरेको विषय भएकोले यसमा संशोधन होइन यसलाई कानून बनाई लागू गर्न सक्नु पर्छ। सबै भाषा, धर्म, संस्कारलाई सम्मान गर्नुपर्छ। राज्यको हितका निम्ति सांस्कृतिक, धार्मिक सहिष्णुता खलल नहुने खालको व्यवहार हामी सबै नेपालीले देखाउनुपर्दछ। जानेर वा नजानेर आदिवासी संस्कार र सांस्कृतिक मूल्य मान्यता विपरीत यस्ता अभिव्यक्ति दिने जो कोही पनि कारबाहीको दायरामा आउनु पर्छ। निज भगवती पाण्डे माथी यथाशिघ्र कारबाही हुनुपर्छ। अन्यथा आदिवासी जनजातिको मौलिक सांस्कृतिक अधिकारको रक्षाका निम्ति सबै आदिवासीहरु उठ्छन् जसले गर्दा राज्यमा गम्भीर संकट सिर्जना हुन सक्छ, द्वन्द बढ्न सक्छ। यसले कसैलाई पनि राम्रो गर्दैन। हाम्रो मागको बेलैमा सम्बोधन भएन भने हाम्रो आन्दोलन अझ सशक्त ढंगले अगाडि बढछ । हामी बढाउँछौ । (नेपाल तामाङ घेदुङ संघीय समितिका अध्यक्ष मोहन गोलेसँगको छलफलमा आधारित)

## (ख) नेपाल मगर संघको अभिव्यक्तिको सारसंक्षेप

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषता भएको राज्य हो। नेपालको संविधानले नै यस खालको विविधतालाई स्वीकारेको छ । नेपालको संविधान, ऐन, कानून साथै राष्ट्रिय नीति तथा कार्यक्रमहरुले समेत सांस्कृतिक बहुलतालाई संरक्षण तथा प्रबर्द्धन गरी धार्मिक, सामाजिक तथा सांस्कृतिक सहिष्णुता र सद्भावलाई कायम राख्दै सबै नागरिकलाई एकताको सुत्रमा बाध्ने कार्य गरेको छ। यद्यपि राज्यका सबै नागरिकको विचार, भावना तथा सोंचाई एकै खालको हुँदैन। व्यक्तिको व्यक्तिगत विचार अभिव्यक्ति राज्यको कानून

विपरीत हुनु हुँदैन।कुनै पनि व्यक्तिको अभिव्यक्तिले विद्यमान सांस्कृतिक मूल्य-मान्यता तथा सामाजिक सद्भावमा खलल पुग्नु हुँदैन।संविधान प्रदत्त स्वतन्त्रताको हकको प्रतिवन्धात्मक वाक्यांश हामीले वेवास्ता गर्न मिल्दैन।

२०८० श्रावण ७ गते  बिहान ८:०० बजे प्राइम टाइम्स् टेलिभिजनमा दिक्पाल कार्कीसँगको चियागफ कार्यक्रममा अधिवक्ता भगवती पाण्डेले नेपालको आदिवासी जनजाति समुदायको मौलिक संस्कृति, प्रथा, परम्परा र तीनलाई संरक्षण गरेको संविधान र कानून विपरीत गई आफ्ना विचार प्रस्तुत गर्नु भएको छ। उक्त कार्यक्रममा बढ्दो अपराधका कारण प्रस्तुत गर्दा भगवती पाण्डेले मगर, तामाङ र मुस्लिम समुदायमा दाजु बहिनी बीच हुने बिबाह र यस्तो सम्बन्धबाट जन्मने सन्तति अपराधमा बढी संलग्न भएको पाईन्छ भन्ने अभिव्यक्ति दिनुभएको छ। त्यसपछि अर्को दिन सोहि टेलिभिजनमा ऋषि धमलाद्वारा सञ्चालित कार्यक्रममा आफ्नो अभिव्यक्ति पुष्टी गर्दै जनावरसँग जोड्ने जस्तो निकृष्ट अभिव्यक्ति दिई जातीय अपमान गर्ने त्रुटिपूर्ण धारणा राख्नु भयो, जसले गर्दा मगर र तामाङ समुदायको घोर अपमान हुन गयो। यो भनेको सामाजिक अपराध नै हो। यस खालको अभिव्यक्तिले आदिवासी जनजाति समुदाय मर्माहित हुन पुगेको छ । नेपालका ६० आदिवासी जनजाति समुदायका आ-आफ्ना प्रथा र संस्कार छन्। मगर समुदायमा मामाको छोरी मात्र बिबाह गर्ने प्रचलन छ भने तामाङ समुदायमा फुपु मामा चेलाचेली बीच बिहेबारी हुन्छ र अन्य धेरै आदिवासी जनजातिको दोहोरो बिहेबारीको चलन पनि छ। आदिवासी जनजातिका संस्कार संस्कृति फरक फरक हुने भएकाले प्रथा एवं परम्परा पनि फरक हुन्छन् भन्ने कुरा सबै सचेत नागरिकले हेक्का राख्नु पर्ने हो त्यसमा पनि भगवती पाण्डे त अधिवक्ता जस्तो व्यक्ति। उनको अभिव्यक्तिले आदिवासी जनजाति समुदायमा ठूलो आघात पर्न गई आफ्ना संस्कृति माथिको अपमानित भाव, आक्रोश, असन्तुष्टि सिर्जना भएको छ। आफ्ना प्रथा प्रचलनको संरक्षण तथा निरन्तरताको चिन्ता समेत उब्जाएको छ। यस खालको अभिव्यक्तिले एक प्रकारको सामाजिक विद्धेष फैलाउने र आदिवासी जनजातिको सांस्कृतिक मौलिक अधिकार हनन् गरेको हुँदा भगवती पाण्डेलाई तत्काल पक्राउ गरी कारबाही गर्न माग गरिएकोमा प्रहरी प्रशासनबाट ढिलासुस्ती गरिएको र १७ गते बिहानसम्म पनि  भगवती पाण्डे पक्राउ परेको कुरा समयमा जानकारी नपाएपछि दिनको १ बजे तिर शान्तिपूर्ण धर्ना गरिएको हो। पक्राउको

जानकारी दिउँसो १:४५ वजे गराइए पछि १० मिनेटमा धर्ना सक्ने निर्णय अनुरुप सबैलाई जानकारी दिने कार्य गर्न लाग्दा प्रहरीले एकाएक सवारी आवागमन छोड्ने काम गरेकोले भिड उत्तेजित भई झडपको स्थिति सिर्जना भयो। हामीलाई १० मिनेट समय पनि नदिइकन यातायात आवागमन सुचारु गरिदिएको कारण मास अव्यवस्थित भई तितर वितर हुने क्रममा अनौपचारिक पोशाकका प्रहरीले नै पहिला पानीको वोतल फाल्ने काम गर्यो जसले गर्दा भिड उत्तेजित भई झडप हुन गयो।

यसरी एकजना व्यक्तिको गैर जिम्मेवारपूर्ण बोलीको असरले समग्र राष्ट्रको शान्ति, सुरक्षा र सामाजिक सद्भावमा आँच आउने हुँदा कुनै विचार अभिव्यक्त गर्नु अगाडि धेरै पटक त्यसको प्रभाव विश्लेशण गर्नुपर्छ। भगवती पाण्डेले नेपालमा सदियौं देखि मानी आएको प्रथामा समेत प्रश्न गर्नु भएको छ। नेपालमा प्रथाजनित कानूनलाई कानूनको मुख्य स्रोतको रुपमा लिएको पाईन्छ। प्रथाले समाजमा अहित गरेको पुष्टी नभएसम्म सोको परिवर्तन वा खारेजी गरिंदैन। नेपालका आदिवासी जनजातिमा प्रचलित मामाचेली चेला फुपुचेला चेली बीच बिबाहबाट जन्मेका सन्तान अपराधी हुने तथ्य कुनै पनि अध्ययन, खोज, अनुसन्धान तथा विज्ञानले पुष्टी गरेको छैन। बरु आफ्नो समुदाय भन्दा बाहिर बिबाह गर्दा देखिने वेमेलले सन्तान अपराधी बन्ने आधार बलियो हुन्छ। तसर्थ अपराधिक मानसिकता वंशाणुगत रुपमा सर्ने भन्ने हुँदैन।

अन्तर्राष्ट्रिय कानूनले समेत प्रथाजनित कानूनलाई मान्यता दिएको छ। अन्तर्राष्ट्रिय सन्धि सम्झौताबाट मान्यता प्रदान गरेको प्रथाजनित कानूनमा संशोधन होइन यसलाई कानून बनाई लागू गर्न पर्छ। बेलाबेला सतहमा देखा पर्ने यस खालका अभिव्यक्तिले पनि नेपालमा प्रथाजनित कानूनलाई अझ व्यवस्थित बनाई लागू गर्न छुट्टै कानून बनाउन जरुरी रहेको देखाउँछ।

शान्तिको देश नेपालमा सदैव शान्ति कायम हुनका निम्ति हामी सबैले सबैको अस्तित्व सहर्ष स्वीकार गर्न सक्नुपर्छ। राष्ट्रिय एकता, सामाजिक तथा धार्मिक सहिष्णुता र सांस्कृतिक ऐक्यबद्धता कायम राख्न सबैले आ-आफ्ना भूमिका निर्वाह गर्नुपर्छ। संविधान, ऐन, कानून विपरीतका कार्य गर्ने तथा विविध खालका जातीय प्रथा, परम्परा, प्रचलन, संस्कार र संस्कृतिमा आँच पुऱ्याउने जो कोहीलाई उचित

कानूनी कारबाही गरिनु पर्छ। (नेपाल मगर संघका अध्यक्ष ज्ञानेन्द्र पुन मगरसँगको छलफलमा आधारित)

## (ग) घाइतेहरुको भनाईको सारसंक्षेप

२०८० श्रावण ७ गते बिहान ८ वजे प्राइम टाइम्स् टेलिभिजनमा दिक्पाल कार्कीसँग चियागफ कार्यक्रममा बढ्दो अपराधका कारण प्रस्तुत गर्दा अधिवक्ता भगवती पाण्डेले मगर, तामाङ र मुस्लिम समुदायमा दाजु बहिनी बीच बिबाह हुने र त्यस्तो सम्बन्धबाट जन्मिएको सन्तान अरु भन्दा अपराधमा बढी संलग्न भएको पाईन्छ भन्ने विवादास्पद अभिव्यक्ति दिनु भएको र उक्त अभिव्यक्तिले मगर र तामाङ समुदायको ठूलो अपमान हुन गएको छ। हाम्रो संस्कृतिको मूल्य मान्यता नबुझिकन हाम्रो मौलिक सांस्कृतिक अधिकार हनन् गर्नु सामाजिक अपराध नै हो। त्यस्ता कुविचार दिने अपराधी भगवती पाण्डेलाई तत्काल पक्राउ गरी कारबाहीको माग स्वरुप २०८० श्रावण १७ गते धर्ना गर्दागर्दै पछि पक्राउको जानकारी पाएसँगै धर्ना समापन गर्न कोण सभाका लागि १० मिनेट समय माग्दा सादा पोशाकमा आएका प्रहरीले नै आन्दोलनलाई उत्तेजित पार्दै आक्रमक तुल्याई अनावश्यक बल प्रयोग गरेकोले दुःखद घट्ना हुन पुग्यो। जुन घटनामा दिल माया तामाङ, जहरमान थेवे, चन्द्रवीर तुम्बापो, कीर्तिमाया तामाङ, सुशिल स्याङ्बो, बुद्ध लो तामाङ, विवेक लामा, शान्ति घर्ती मगर, मन्जु आलेमगर, राधिका आलेमगर, उपेन्द्र बुढा मगर लगायत घाइते हुनु भयो। प्रहरीले हिरासतमा यातना दिनुका साथै गहिरो चोट लाग्ने गरी कुटे। क्यामराले नभेट्ने ठाँउमा लगेर कुटिएको अवस्था रह्यो। पत्रकारको कार्ड देखाउँदा पनि मंगोल मुखाकृति देखेर कुटपिट गरियो। महिलाहरुलाई पुरुष प्रहरीद्वारा हातपात गरियो। महिलाको सम्वेदनशील अंगमा पुरुष प्रहरीद्धारा लाठी, वुट र वन्दुकका कुञ्जोले कुटपिट गरि उहाँहरुले जंगी शासन देखाउनु भयो। घाइते भएर ट्रमा सेन्टरमा उपचार गराउन समयमै नलगेको र सामान्य तरिकाले घाउ मात्र सफा गरी थप उपचारको प्रबन्ध गरिएन र आफै उपचार गर्न परिवारसँग सम्पर्क गर्न पनि दिइएन । प्रहरी हाम्रो साथी भन्ने भनाई चरितार्थ नभएको र अधिक बल प्रयोग भई निर्मम तरिकाले कुटपिट गरेकोले हिरासतमा त्यसरी पाशविक तरिकाले यातना दिन आदेश दिई निन्दनीय कार्य गर्ने प्रहरी प्रशासनको क्रियाकलाप माथि छानबिन गरी कानूनी कारबाही हुनुपर्छ।

## (घ) प्रहरी प्रमुख एस.एस.पि.दान बहादुर कार्कीको भनाई

अधिवक्ता भगवती पाण्डे विरुद्ध नेपाल मगर संघ तथा नेपाल तामाङ घेदुङ संघीय समितिद्वारा जातीय भेदभाव तथा छुवाछुत सम्बन्धी प्रहरी परिसर टेकुमा उजुरी पर्यो र यस सम्बन्धमा १३ वटा संस्थाले विज्ञप्ति सहित विरोध गरेका थिए। विरोध बढ्दै जाँदा श्रावण १२ गते काठमाडौं जिल्ला अदालतबाट पक्राउ गर्न आदेश भयो। अदालतको आदेश पछि पाण्डेको खोजी कार्य शुरु गरियो।जातीय संगठनले भगवती पाण्डेसँग आन्तरिक रुपमा छलफल गरिएको र माफी माग्न लगाउन पहल गरिएको भन्ने बुझिएकाले शुरुमा उहाँको खोजी कार्य तीव्र नगरिएको हो।जाहेरी परिसकेपछि जन असन्तुष्टि बढ्दै गएकोले उनको खोजी कार्य गर्दा उनी आफ्नो घरमा नभेटिएको र पछि आफन्तको घरमा रहेको अवस्थामा श्रावण १७ गते बिहान ७:३० बजेतिर प्रहरीको सम्पर्कमा आएको जानकारी जाहेरी कर्तालाई दिन खोज्दा सम्पर्क नम्बर नभेटेपछि विशेष अदालत बारका सचिव टिका कुँवरलाई बिहान १०:३० बजेको आसपास खवर गरिएको थियो।त्यसैले जुलुस नआउनेमा प्रहरी विश्वस्त थियो। मध्यान्ह तिर १००/१५० जनाको समुहमा जुलुस आएको र जुलुस आएपछि भगवती पाण्डे पक्राउ परिसकेको जानकारी नेपाल मगर संघका अध्यक्ष र नेपाल तामाङ घेदुङ संघीय समितिका अध्यक्षलाई दिइयो र परिसर भित्रै लगि देखाइसकेपछि १० मिनेटमा सभालाई सम्बोधन गरी धर्ना बन्द गर्ने जानकारी दिनुभएको थियो। तर परिसरको माइकिङको आवाजले सबै भिडमा जानकारी दिन असहज भएको थियो। यसै बीच भिडमा रहेका केही व्यक्तिहरुको उत्तेजनाले झडप हुन पुग्यो।

प्रहरीको व्यवहार स्वभावैले केही कडा हुन्छ र भिडलाई नियन्त्रणमा लिनका लागि नरम स्वभाव घातक सिद्ध पनि हुन पुग्छ।भिडमा कुट्नु पनि पर्ने हुन सक्छ। आत्मरक्षाका लागि हातहतियार उठाउन पाउने व्यवस्था कानूनमा पनि गरिएको छ।तर हिरासतमा कुट्न पाइने स्थिति भने होइन र कुट्न पाइँदैन पनि। प्यासेजमा भने अलिकति मुठभेड हुन सक्छ।हिरासतमा होइन हिरासतमा लाने क्रममा प्यासेजमा कुटपिट हुन सक्छ, लाठि, लात्ति, बन्दुकको कुन्जाले घोच्ने काम भएको हुन सक्छ।

आन्दोलनमा घाइते भएकालाई उपचार गर्न वीर अस्पताल, राष्ट्रिय ट्रमा सेन्टरमा पनि लगिएको तर उहाँहरु आफैले उपचार गर्दिन भन्नुभएको हो। घाइतेलाई महिला मेडिकल पर्शनले पनि Take Care गर्नुभएको थियो। सञ्चारकर्मीलाई परिचयपत्र देखाएका आधारमा हिरासतबाट छोडिएको थियो। केही सञ्चारकर्मी तथा मानव अधिकारकर्मीले ढुङ्गा हानेकोले नछाडिएको हो।

नेपालमा स्वतन्त्रताका नाममा अनुशासन छाँयामा पारिएको छ। जहाँ पायो त्यही गएर आन्दोलन गर्ने शैली पनि राम्रो मान्न सकिदैन। प्रहरी परिसरमा आन्दोलन गर्नु अतिवाद हो। आन्दोलनलाई नियन्त्रणमा लिनका लागि बल प्रयोग हुनु सामान्य हो। राज्यलाई आफ्नो आवाज सुनाउन पनि आन्दोलन गर्नैपर्ने अवस्था पनि सही होइन। यसले राज्य र जनताका बीच संघर्षको वातावरण बन्छ। जसले गर्दा चेपुवामा प्रहरी पर्छ। तसर्थ अस्वाभाविक तरिकाले बल प्रयोग गर्ने प्रहरीलाई कारबाही गर्न सकिन्छ तर जथाभावी ढुङ्गा हानाहान गर्नेलाई पनि सजाय नगर्दा प्रहरीको मनोबल गिर्ने हुँदा त्यतातिर पनि हाम्रो ध्यान जान जरुरी छ र सकेसम्म विरोध र असन्तुष्टीलाई रचनात्मक तवरले समाधान गर्नमा राज्य र जनता लाग्नु पर्छ।

## (ङ) भगवती पाण्डेको भनाईको सारसंक्षेप

मिति २०८०।४।७ गते प्राइम टि.भि. चिया गफ कार्यक्रममा फौजदारी कानून सम्बन्धी छलफल हुने सन्दर्भमा के के कारणले अपराध सिर्जना हुन्छ ? भन्ने सिलसिलामा अन्तिम अवस्थामा एउटा जिन पनि हुन सक्छ भन्ने विषय उठे पछि कस्तो जिन भन्ने सवालमा मानिस जन्मदै अपराधी भएर त जन्मदैन तथापि दाजु बहिनी बीच बिबाह तामाङ, मगर र मुस्लिम समुदायमा हुँदो रहेछ, यसरी जन्मने बच्चा अलिक एकोहोरो टाइपको हुँदा अपराधमा बढी संलग्न हुन सक्छ भने जस्तो उत्तर टि.भि.मा भान पर्न गएको देखिइँदो रहेछ । मैले पुरै स्पष्ट पार्न पाएको भए अर्थको अनर्थ लाग्न सक्दैन थियो तर तामाङ र मगर समुदायमा फुपु चेला मामा चेली चल्ने चलनले गर्दा दाजु बहिनी बीच बिबाह हुन्छ, हाम्रो समाजमा दाजु बहिनीको साइनो हुने चलन छ तर उहाँहरुको दाजु बहिनीको साइनो हुँदैन भन्ने थाहा हुँदा हुदै पूरा प्रकाश पार्न समयको अभावले त्यस्तो जस्तो हुन गएको हो, मैले त्यस्तो अपराधी हुन्छन् भनेकी छैन ।मैले भनेको कुरा एउटा अध्ययनको

विषय हुन सक्छ, तर जिनबाटै अपराध सर्छ भन्ने होइन । मान्छे जन्मदै अपराधी भएर जन्मदैन, यस सम्बन्धमा २०८०।४।१४ गते नै क्षमा मागी सकेकी छु । जनता जान्न चाहन्छ भन्ने कार्यक्रममा मञ्जु मिक्चन लामाजिले खासै वोल्न पनि दिनु भएन, प्रश्न कर्ताले पनि विषय मोडिदिइहाल्ने, मलाई धेरै टर्चरको अवस्था पनि थियो र मैले ठानें की, यदि मैले पुरै स्वीकार गरेमा मेरो ठूलो गल्ती जस्तो हुने भएकोले भन्न नसकेकी हुँ । मेरो त्यस्तो आशय, मनसाय थिएन ।

टेकु प्रहरी परिसरमा महिला दिदी बहिनीहरुलाई पुरुष प्रहरीहरुले हिरासतमा लाने क्रममा कोठा भित्र पनि निर्मम ढङबाट कुटपिट गरी गम्भीर घाइते बनाएको देख्दा मैले यस्तो हुन्छ भन्ने सोचेकी पनि थिइन । महिला दिदी बहिनीहरुलाई बेहोस हुने गरी कुटेको देखेपछि मलाई लिदै गरेको वयान एक घण्टा जति रोकें, मैले देख्न र हेर्न सकिन । हिरासतमा लिइसकेपछि कुटपिट गर्न पाईदैंन ।

प्राइम टि.भि.को चिया गफ कार्यक्रममा अभिव्यक्ति दिएको कारणले मगर तामाङ समुदायमा पर्न गएको असर सम्बन्धमा पुरै क्षमा याचना गरिसकेकी छु । मैले मगर र तामाङ समुदायलाई परिलक्षित गरी भन्न खोजेकी थिइन, जहाँसम्म हाडनाताको विषयमा हाम्रो जातिमा फुपुचेला मामाचेला नचल्ने भएकोले नातामा हाडनातामा पर्ने तर फुपुचेला मामाचेला चल्नेमा हाडनाता नपर्ने यस्तो प्रकारको जुन कानुन छ एकै प्रकारको हुनु पर्ने भन्ने तर्कमा कानून संशोधन गर्नु पर्ने भन्ने विषय थियो तर अर्थको अनर्थ जस्तो म आफैलाई लागि राखेकोले मैले नकारात्मक आशयले कसैको जाति, धर्म, परम्परा, प्रथा, संस्कार, संस्कृति प्रति जन आस्थामा आँच आउने गरी भनेकी हैन । तथापि त्यस्तो भनाई जस्तो भएमा माफी दिन भनी सकेकी छु । अब उप्रान्त यस्तो प्रकारको अभिव्यक्ति मेरो मन मष्तिस्कबाट आउने छैन भन्ने सबै जन जन र आयोग प्रति प्रतिवद्धता व्यक्त गर्न चाहन्छु ।

## (च) अध्ययनको क्रममा कानून व्यवसायीको भनाईको सारसंक्षेप

भगवती पाण्डे अधिवक्ता भएकिले वकिलको नाताले नेपाल बार एशोसिएशनका महासचिव अन्जिता खनाल, विशेष बारका अध्यक्ष चुडा पौडेल र सचिव टिका बहादुर कुँवरको पहलमा छलफल हुँदा तपाईले जेसुकै भने पनि तपाईको ठूलो गल्ती छ तुरुन्त क्षमा माग्नु नै कल्याण हुन्छ भन्ने सुझाव दिएकोले क्षमा मागिन् तर स्पष्ट उल्लेख नभएको हुँदा मिति २०८०।४।१३ गते बागबजारको हार्दिक

होटलमा नेपाल बारको महासचिव, विषेश बारको अध्यक्ष र सचिव, मगर संघको अध्यक्ष, सहअध्यक्ष, लगायतका व्यक्तिहरु, तामाङ घेदुङ संघीय परिषदका महासचिव सहितको अन्य विशेष व्यक्तित्वहरुको उपस्थितिमा छलफल हुँदा तामाङ र मगर समुदायमा सदिऔंदेखि प्रचलित प्रथा माथि नै चुनौती दिने गरी दिएको अभिव्यक्तिले पर्न गएको असर क्षम्य हुनत गाऱ्हो छ तर मानिस हो कुनै बेला भूल पनि हुन सक्छ प्रहरीमा गएर माफी मागेमा हामीलाई भन्नु केहि छैन भनी मगर संघ र तामाङ घेदुङका जिम्मेवार व्यक्तिहरुले भनेका थिए भन्ने भनाई भएको कारणले माफी माग्ने भाषाको ड्राफ्टलाई पटक पटक परिमार्जन समेत गर्दा नभए पछि तपाईहरुले नै ड्राफ्ट गरी पठाउनु होस् त्यसैमा हस्ताक्षर गर्छु भनी पठाईएको मस्यौदा टाइप गरी भगवती पाण्डेले २०८०।४।१४ गते सामाजिक सञ्जालको आफ्नो व्यक्तिगत पेजमा राख्ने कार्य भयो त्यसपछि के भइरहेको छ थाहा छैन भन्ने बारका कानून व्यवसायी साथीहरुको भनाई रहेको पाइयो ।

## (छ) मगर र तामाङ विज्ञहरुको भनाईको सारसंक्षेप

नेपालको आदिवासी जनजातिको सन्दर्भमा अपमानजनक टिप्पणीहरु आइरहनु कुनै नौलो विषय होइन तर भगवती पाण्डेको अभिव्यक्तिले जातीय संवेदनशीलतामा आघात पुग्नुका साथै व्यक्ति व्यक्तिमा आक्रोश आउनु स्वभाविक हो र त्यो अभिव्यक्तिले आदिवासीहरु भएर जन्मनु नै यो देशको अभिषाप जस्तो अनुभूति भइरहेकोले भगवती पाण्डेलाई माफी मिनाहा होला तर उनले लगाएको कालो दाग मेट्न निक्कै गाऱ्हो हुन्छ। त्यसकारणले पनि भगवती पाण्डेलाई हाम्रो

समुदायबाट माफी दिए पनि देशको विद्यमान संविधान, ऐन र कानूनले उनको अभिव्यक्तिलाई छुट दिन सक्दैन। नयाँ नेपाल बनाउने सपना बोकेर सरकार हिडेको छ, तर समाजको अवस्था अझै कस्तो छ ? भन्ने अध्ययन बिना नै नयाँ नेपाल बनाउछु भन्नु कति सांदर्भिकता हुन सक्छ। अहिले पनि देशको सामाजिक अवस्थाको सम्बन्धमा समाचार दिन दिनै बनिरहेकै छ र यो पुरातन सोंच कै उपहार हो भन्न सकिन्छ। तसर्थ एकले अर्काको अस्तित्वलाई स्वीकार गर्न सकेमा मात्र सामाजिक सद्भाव कायम हुन सक्दछ र यसका लागि समाजका सबै पक्ष उत्तिकै जिम्मेवार बन्न सक्नु पर्छ ।

## ९. अध्ययनका क्रममा पाइएका तथ्यहरु

१। सितल भनिने अधिवक्ता भगवती पाण्डेले २०८०।४।७ गते प्राइम टि.भि.मा मगर, तामाङ र मुस्लिम समुदायमा दाजु बहिनी बीच बिबाह हुन्छ भन्ने अभिव्यक्ति दिएको,

२। यस्तो सम्बन्धबाट जन्मेको बच्चाहरु अकडो हुने र बढी अपराधसँग पनि जोडिने भन्ने शब्दावली प्रयोग भएको र पशुसँग दाँजेको,

३। भगवती पाण्डेद्धारा उनको अन्तरवार्तामा व्यक्त भएका अभिव्यक्तिले तामाङ र मगर समुदायमा पर्न गएको असर सम्बन्धमा तत्कालै क्षमा याचना नगरिएको,

४। प्राइम टि.भि.मा नै जनता जान्न चाहन्छ भन्ने २०८०।४।९ को कार्यक्रममा स्पष्ट गल्ती स्वीकारोक्ति र माफी मागेको भाषा प्रयोग हुन नसकेको,

५। नेपाल तामाङ घेदुङ संघीय समिति र नेपाल मगर संघ केन्द्रीय समितिबाट २०८०।४।९ मा प्रहरी परिसर टेकुमा जाहेरी परेको तर भगवती पाण्डेलाई समयमै पक्राउ गर्न प्रहरीको चासो नदेखिएको,

६। प्रहरी प्रशासनलाई तामाङ र मगर संघबाट भगवती पाण्डे पक्राउ नगरिएमा श्रावण १७ गते प्रहरी परिसर टेकुमा घेराउ गर्छौं भन्ने जानकारीको लागि दुवै संघले १४ र १५ गते पत्रकार सम्मेलन गरेको,

७। २०८०।४।१३ गते नेपाल बारको महासचिव, विशेष अदालत बारको अध्यक्ष र सचिव अग्रज व्यक्तिहरु र तामाङ घेदुङ र मगर संघका जिम्मेवार व्यक्तिहरुको उपस्थितिमा माफी मगाउने सहमति भएको तर तामाङ र मगर संघले प्रहरी परिसर टेकुमा भगवती पाण्डे सहितको उपस्थितिमा हुनु पर्छ भन्ने जीकिर गरेको,

८। बार एवं कानून व्यवसायीहरुको भनाई अनुसार भगवती पाण्डेलाई तपाईको अभिव्यक्ति गलत छ माफी माग्न उचित हुन्छ भनी सुझाव दिइएको,

९। अधिवक्ता भगवती पाण्डेले २०८०।४।१४ मा नै स्पष्ट आफ्नो गल्ती भएको स्वीकार गरी तामाङ र मगर समुदायमा पर्न गएको असर सम्बन्धमा मेरो अभिव्यक्तिले तामाङ र मगर समुदायका जनजनमा पर्न गएको असरप्रति क्षमा मागेकी छु भन्ने निजको फेसबुक वालमा राखिएको,

१०। भगवती पाण्डेले माफी मागि सकेको हुँदा हाम्रो मिलापत्र हुँदैछ भन्ने भनाई एस.एस.पि. दान बहादुर कार्कीलाई भन्न आएको तर प्रहरीमा जाहेरी परिसके पछि अदालतबाट जे हुन्छ त्यहिबाट हुन्छ यहाँ मिलापत्र हुन सक्दैन भन्ने दान बहादुर कार्कीको भनाई रहेको,

११। मिति २०८०।४।१७ गते भगवती पाण्डे बिहान १०.३० बजे प्रहरी परिसर टेकुमा आफै हाजिर हुन गएकी थिएँ भन्ने भगवती पाण्डेको भनाई रहेको,
१२। दिनको १.०० बजे धर्ना कार्यक्रम छ भन्ने जानकारी हुँदा हुँदै शान्ति सु-व्यवस्था कायम गर्नका निम्ति भगवती पाण्डे पक्राउ परेको जानकारी प्रहरीबाट समयमा नै सार्वजनिक गरिनु पर्नेमा जानकारी नगराएको,
१३। धर्ना कार्यक्रम भनेकै एक प्रकारको आन्दोलन भन्ने नठानी प्रहरीहरुलाई शान्ति सुरक्षा कायम गर्न खटाउदा पूर्ण तयारीकासाथ खटाउनु पर्नेमा प्रहरी कै फुटेज हेर्दा त्यस्तो अवस्था नदेखिएको,
१४। धर्ना कार्यक्रम भइरहँदा प्रहरीबाट दुवै संघका अध्यक्षहरुलाई भगवती पाण्डे पक्राउ भइसकेको छ भन्ने जानकारी भित्र लगि गराए पछि अध्यक्षहरु बाहिर आई १० मिनेट भित्र धर्ना कार्यक्रम समापन हुन्छ भन्ने कुरा प्रहरीकै माइकबाट उद्घोषण गर्दा गर्दै दोहोरो झडप हुन पुग्यो भन्ने भनाई रहेता पनि कार्यक्रम आयोजक संस्थाबाट पनि भिड नियन्त्रण गर्न नसकेको,
१५। झडप रोक्नको लागि दुवै पक्षबाट सम्यम्मता अपनाएको थियो भन्ने फुटेज हेर्दा नदेखिएको,
१६। दुबै पक्ष बीच झडप हुँदाको अवस्थामा घाइते हुनु स्वाभाविक मानिन्छ तर प्रहरीले धर्नाकारी पक्राउ गरी हिरासतमा लिएपछि मरणासन्न हुने गरी बन्दुकको कुञ्जो, बुट एवं लाठीले कुटपिट गरेको र अस्पतालमा लगे पनि राम्रोसँग उपचार नगराएको,
१७। चोटपटक, निलडाम र त्यसको गहिरो असरको कारणले घाइतेहरु अझै राम्रोसँग ठिक हुन महिनौं लाग्न सक्ने र उपचारकै क्रममा रहेको,
१८। १७ गतेको घट्नामा संलग्न प्रहरीहरु डि.एस.पि. अनिल अधिकारी, प्रहरी निरिक्षक राजन लामा लगायतको कमाण्डमा थियो । घट्नामा संलग्न प्रहरीहरुले मानव अधिकारको धज्जि उडाउने कार्य गरेकोले दोषी प्रहरीहरु माथि कानूनी कारबाहीको माग गरिएको,
१९। भगवती पाण्डेको अभिव्यक्ति भन्दा पनि प्रहरीको दमनले हामी घाइतेहरु बढी प्रताडित हुन पुगेका छौं भन्ने भनाई रहेको र
२०। उपप्रधान तथा गृह मन्त्रीबाट भगवती पाण्डेको अभिव्यक्ति र १७ गतेको घट्नाप्रति दुःख व्यक्त, घाइतेहरुको उपचार खर्च राज्यले वेहोर्ने प्रतिबद्धता। एस.एस.पि दान बहादुर कार्कीलाई कारबाही स्वरुप सरुवा गरिसकिएको र अन्यलाई पनि छानबिन गर्दैं कार्बाहीको चरणमा रहेको भन्ने आशय ।

## १०. अध्ययनको विश्लेषण

### (क) फौजदारी अपराधको सिद्धान्त

१। फौजदारी अपराध शास्त्रको सिद्धान्त बमोजिम मानिस जन्मदै अपराधी भएर जन्मने होइन, अपराध क्रियाकलापले हुने हो, जिनको कारणले हुने होइन ।

२। विज्ञानले प्रमाणित गरिएको विषय जिनबाट रोग सर्न सक्ने प्रवल सम्भावना रहन्छ भन्ने सन्दर्भलाई जोडेर जिनबाट आपराधिक क्रियाकलाप पनि सर्ने सम्भावना रहन्छ भन्नु विज्ञान सम्मत छ भन्न नसकिने ।

३। अपराध यही कारणले गर्दा हुन्छ भन्नु ज्ञानको अभाव हुन जाने ।

४। फुपु चेला, मामा चेलाबाट जन्मिएको व्यक्ति अकडो र बढी अपराधी हुन सक्छन् भन्ने भनाई फौजदारी विधिशास्त्रीय मूल्यमान्यता विरुद्ध हुन जाने र त्यस्तो भनाइलाई वैज्ञानिक तथ्य र अन्य प्रमाणले पुष्टी गरेको हुनु पर्ने ।

### (ख) सामाजिक अवस्थाको अध्ययन

१. नेपालको संविधानमा नै बहुजातीय, बहुभाषिक, र बहुसांस्कृतिक परम्परा एवं. प्रथाहरुलाई अंगीकार गर्दै आइरहेको अवस्थालाई अनदेखा गरी सार्वजनिक रुपमा विचार अभिव्यक्त गर्नुलाई विद्धता मान्न नसकिने,

२. सबै जात जातिको संस्कार संस्कृतिबाट बनेको प्रथा परम्परालाई आत्मसात नगरिनु, आफ्नो संस्कृति, परम्परा र भाषा भाषीको मात्र वकालत गरिनु, बहुसांस्कृतिक सामाजिक अवस्थाको वस्तुगत अध्ययनको कमि भएको बुझ्नु पर्ने र हचुवाको अभिव्यक्ति रोस प्रकट गरे जस्तो मात्र हुने,

३. आम जनताको मनमस्तिष्कमा रहने गरी ज्ञानबर्द्धक अभिव्यक्तिहरु दिंदा वस्तुनिष्ठता जरुरी हुने र विषयवस्तु प्रष्ट हुन नसक्दा अर्थको अनर्थ हुन जान्छ भन्ने कुरा स्वयमले हेक्का राखु पर्ने,

४. जातीय विषयवस्तु भावनासँग जोडिने हुनाले आम समुदायको बुझाई अन्यथा भन्न नमिल्ने,

५. मानिस चेतनशील प्राणी भएको प्रतिविम्वित हुनु पर्ने,

६. संविधानमा अभिव्यक्तिको स्वतन्त्रता छ भन्दैमा विवेकको विचार नगरी कसैले अभिव्यक्ति दिनु वाक स्वतन्त्रता भित्र पर्छ भन्नु संविधानको भावना विपरीत हुन जाने,

अन्य समुदाय वा व्यक्ति माथि आघात पुग्ने गरी अभिव्यक्ति दिनु अपराध नै मान्नु पर्ने र आफ्नो कर्तव्य पालना भुल्न नहुने,

७. नेपालको भूवनोट र त्यसको आधारमा निर्माण हुँदै आएको समाजको वस्तुस्थितिलाई नबुझि वा अध्ययन बिना सदियौंदेखि चलिआएको आ-आफ्नो परम्परालाई धार्मिक सहिष्णुता र सामाजिक सद्भाव कायम राख्दै राष्ट्र निर्माणमा लाग्नुपर्ने समयमा अन्य काल्पनिक विचारको भावनाबाट अभिप्रेरित हुनु नेपाली समाजको हित विपरीत हुन जान्छ भन्ने ठान्नु पर्ने।

## ११. निष्कर्ष

मिति २०८०।०४।०७ र २०८०।०४।०९ गते प्राइम टेलिभिजनमा अधिवक्ता भगवती पाण्डेले फौजदारी कानूनको विषयमा छलफल गर्दा अपराध कसरी बढ्छ ? भन्ने सन्दर्भमा दिएको अभिव्यक्तिले मगर र तामाङ समुदायको मौलिक सांस्कृतिक मूल्य मान्यतामा आँच आउने गरी वैवाहिक प्रचलनको अपव्याख्या गर्दै दिएको अभिव्यक्तिले नै २०८०।०४।१७ गते टेकु प्रहरी परिसरमा मगर र तामाङ समुदायका मानिसहरु र प्रहरी बीच झडप हुन गई अप्रिय घटना घट्न गएको अध्ययनको निष्कर्ष रहेको छ । दोहोरो झडपमा केही प्रहरी जवान घाइते भए पनि झडप पछिको प्रहरी हिरासतमा विशेष गरी महिला दिदी बहिनीहरुलाई निर्मम तरिकाले कुटपिट गरी घाइते बनाइएको देखिन्छ । फौजदारी कानून को विज्ञता जो कोहिले पनि कजिन म्यारिज र क्रस कजिन म्यारिज सिद्धान्तको विश्वव्यापि प्रयोगको वेवास्ता गर्नु उचित होइन। चीनको युनान प्रान्तका हान जातिमा आज पनि यो प्रचलन व्यापक छ भने बेलायती रानी भिक्टोरियाले आफ्नै मामाका छोरासित बिबाह गरेकी हुन् । महाभारतका कृष्णको बिबाहले हिन्दुहरुमा पनि यो प्रचलन थियो भन्ने उदाहरण पाइन्छ। महान वैज्ञानिक चाल्स डार्विनले आफ्नै मामाकि छोरी बिबाह गरेका थिए । तामाङ र मगर समुदायमा फुपुचेला मामाचेलाबाट जन्मिएको दरसन्तान दाजु बहिनी नभई सोल्टि सोल्टिनी साइनो पर्ने भएकोले यस्तो कुरालाई ख्यालै नगरी दाजु बहिनीबीच बिबाह हुन्छ भन्ने अभिव्यक्ति गलत र अक्षम्य भएको हुँदा क्षमा मागिनु पर्नेमा स्पष्ट रुपमा क्षमा माग्ने काम नगरिएकोले तामाङ घेदुङ संघीय समिति र मगर संघका अध्यक्षहरुले छुट्टाछुट्टै जाहेरी दरखास्त प्रहरीमा दिइसकेपछि निज भगवती पाण्डेलाई १२ गते पक्राउ पूर्जि जारी भएको भए तापनि प्रहरीद्धारा तत्काल पक्राउ गर्न ढिलासुस्ती गरेकोले १४ र १५ गते मगर र तामाङ समुदायले पत्रकार सम्मेलन गरी १७ गते प्रहरी परिसर टेकु घेराउ गर्ने गरी आन्दोलनको घोषणा गर्दा पनि प्रहरी प्रशासन उदासिन रहनु, अधिवक्ता भगवती पाण्डेले माफी मागेको वक्तव्य १४ गते साँझ

फेशवुकको आफ्नो व्यक्तिगत वालमा मात्र राख्नु, निज पाण्डे कानून व्यवसायी भएको हुँदा स्वयम प्रहरी सम्पर्कमा जानुपर्नेमा बारका साथीहरुको अनुरोधमा १७ गते बिहान १०:३० बजे मात्र प्रहरी सम्पर्कमा जानु, सम्पर्कमा गएको कुरा प्रहरीले यथा समयमा समुदायलाई जानकारी नगराउनु आदि सबै कुराले घट्ना घटेको देखाउँछ । एकातर्फ अधिवक्ता पाण्डेले माफी माग्ने कार्य दुबै संस्थाका अध्यक्ष समेतको रोहवरमा सार्वजनिक रुपमा गरेको भए यस्तो दुःखद घटना घट्ने थिएन भने अर्को तर्फ प्रहरी प्रशासनले पक्राउ परेको कुरा यथा समयमा सम्बन्धित जातीय समुदायलाई जानकारी गराएको भए पनि उक्त दुःखद घट्ना घट्ने थिएन । यस सम्बन्धमा प्रहरी प्रशासन जनउत्तरदायी छ भन्ने देखिएन । १७ गते भगवती पाण्डे १०:३० बजे प्रहरी परिसर टेकुमा पुगेको जानकारी समयमै गराउनु पर्नेमा प्रहरीको तर्फबाट विशेष बारका सचिव मार्फत विशेष बारकै अध्यक्षबाट घुमाउरो बाटो मार्फत तामाङ घेदुङलाई जानकारी गराउन खोजेको पाइयो । प्रहरीबाट जाहेरवालालाई सिधै जानकारी गराएको भए यस्तो दुःखद घटना हुने थिएन भन्ने आन्दोलनरत पक्षको भनाईले प्रहरी प्रशासनद्धारा सूचना प्रवाहमा लापर्बाही तथा कमजोरी एवम् नजरअन्दाज गरेको कुरा पुष्टी गर्दछ । १७ गते १ बजे धर्ना कार्यक्रम शुरु भएपछि प्रहरीका डि.एस.पि.ले भगवती पाण्डे पक्राउ परिसकेको छ भनी दुबै अध्यक्षहरुलाई भित्र लगी पक्राउ भइसकेको देखाएपछि बाहिर आई भिडलाई नियन्त्रण लिनुपर्नेमा तत्काल भिडलाई नियन्त्रण गर्न नसक्दा र प्रहरीतर्फबाट उक्त क्षेत्रमा यातायात तुरुन्तै खोलिदिनुले पनि मास उत्तेजित हुन पुगेको र दोहोरो झडप हुँदा दुबै पक्ष घाइते भएको देखिन्छ। तर दोहोरो झडप सकिएपछि मिडियाकर्मी सहित बाटोमा हिंड्दाहिंडदैको अवस्थाका मानिसहरुलाई प्रहरीद्वारा पक्राउ गरी गेटभित्र लगेपछि विशेषगरी महिलामाथि बन्दुकको कुन्जो, बुट र लाठीले निर्मम तरिकाबाट मरणाशन्य हुनेगरी कुटपिट गर्नु मानव अधिकारको घोर उल्लंघन भएको छ । प्रहरी प्रशासन आफ्नो तयारी अवस्थामा नहुँदा दुबैपक्षको मानवीय क्षति हुनु दुःखद कुरा हो। अधिवक्ता भगवती पाण्डेको विषयमा अदालतमा विचाराधीन मुद्दा रहेको र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(१)क बमोजिम शान्ति सुरक्षा गर्न जिल्ला प्रशासन कार्यालय काठमाडौबाट प्रहरी परिसर टेकुलाई परिचालन गर्नु पर्नेमा जिल्ला प्रशासन कार्यालयको कुनै भूमिका निर्वाह गरिएको पाइएन। प्रहरी परिसर टेकुबाट भएको घट्नाबाट धर्नाकारी पिडितहरुलाई मरणासन्न हुने गरी गम्भीर घाइते बनाएकोले टेकु प्रहरीबाट भएको अमानवीय कार्यले मानव अधिकारको उल्लंघन भएको छ । संलग्न प्रहरीहरुलाई कानूनी कारबाही गर्न आवश्यक देखिन्छ ।

## १२. सिफारिसहरु

१। घटनाको गाम्भिर्यताको नजरअन्दाज गरी अधिवक्ता पाण्डेलाई पक्राउ गर्न र पक्राउ परेपछि पनि यथा समयमा पिडित पक्षलाई जानकारी नगराई प्रहरी परिसर घेराउ गर्न बाध्य पारी घट्ना घटेको र घट्नामा मानिसहरुलाई नियन्त्रणमा लिइ निर्मम यातना दिएकोमा टेकु प्रहरी प्रमुखलाई कारबाही गर्नु पर्ने ।

२। दोहोरो झडपको रोस स्वरुप हिरासतमा लिएर पाशविक तरिकाले निर्मम रुपमा कुटपिट गरी दीर्घकालसम्म शारीरिक समस्या रहनेगरी घाइते तुल्याउने प्रहरीहरुलाई पहिचान गरी आवश्यक कारबाही गर्ने ।

३। हिरासतमा लिएर प्रहरीद्धारा निर्मम ढंगले कुटपिट गरी घाइते तुल्याइएका घाइतेहरुको उपचार खर्च तुरुन्त उपलब्ध गराई उचित क्षतिपूर्तिको व्यवस्था गर्ने ।

४। देशमा शान्ति अमन चयन कायम गर्न गराउन जिल्ला प्रशासन कार्यालयको जिम्मेवारी भएकोले सो बमोजिम काठमाडौ जिल्ला प्रशासन कार्यालयबाट स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(१)क बमोजिम शान्ति सुव्यवस्था गर्नु गराउनु पर्नेमा नपाइएकोले जिल्ला प्रशासन कार्यालय काठमाडौलाई समेत आफ्नो क्षेत्र भित्र अमन चयन कायम गर्न सदैव सजग रहनु पर्ने ।

५। अधिवक्ता भगवती पाण्डेलाई अदालतले कारबाही गरेतापनि उनको अभिव्यक्तिले नेपाली समाजमा विद्यमान बहुजातीय तथा बहुसांस्कृतिक सद्भावपूर्ण सहअस्तित्व, मेलमिलाप, धार्मिक सहिष्णुता तथा मित्रवत भावनामा जबरजस्त भड्काव र वैमनश्यता उत्पन्न भई सामाजिक सद्भाव भड्किन सक्ने टकरावको स्थिति सिर्जना हुन सक्ने हुनाले निज भगवती पाण्डेलाई मगर र तामाङ संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरुको उपस्थितिमा सार्वजनिक रुपमा आत्मालोचना गर्ने र सद्भावपूर्ण वातावरण निर्माण गर्न आयोगले पहल गर्ने ।

xxx

# परिशिष्ट

- नेपाल मगर संघ केन्द्रीय समिति र नेपाल तामाङ घेदुङ संघीय समितिले दिएको निवेदन
- अध्ययन समिति गठन सम्बन्धी आयोगको निर्णय
- आयोगले गृह मन्त्रालयलाई कारबाहीको लागि लेखेको पत्र
- आयोगले गृह मन्त्रालयलाई लेखेको पत्र
- आयोगलाई गृह मन्त्रालयबाट प्राप्त पत्र
- प्राइम टि.भि. लाई लेखेको पत्र
- नेपाल बारलाई लेखेको पत्र
- प्रहरी परिसर टेकुलाई लेखेको पत्र
- सूचक संस्था तथा व्यक्तिहरुको नामावली
- प्राइम टि.भि. को जवाफ पत्र
- अध्ययनको लागि तयार गरिएको प्रश्नावली
- घट्नाक्रमसंग सम्बन्धित फोटोहरु

मिति: २०८०/०४/१८

आदिवासी जनजाति आयोग
दर्ता नं.: 23
मिति: 2080/04/29

श्रीमान् अध्यक्ष ज्यू
आदिवासी जनजाति आयोग,
पुल्चोक, ललितपुर ।

**विषय : गम्भीर मानवअधिकार उलंघन भएकोले आवश्यक कार्वाही गरिपाउँ ।**

प्रस्तुत विषयमा गुल्मी जिल्ला साविक तम्घास नगरपालिका वडा नं. ६ हाल परिवर्तित रेसुङ्गा नगरपालिका, वडा नं. ६ स्थायी ठेगाना भएको काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ११ बस्ने शितल भन्ने अधिवक्ता भगवती पाण्डे (नेपाल बार काउन्सिल प्र.प.नं. १४४१७) ले मिति २०८०/०४/०६ गते प्राइम टेलिभिजनमा दिक्पाल कार्कीद्वारा सञ्चालित **चिया गफ** कार्यक्रममा अन्तर्वार्ता दिने क्रममा **"तामाङ र मगर जातिमा दाजुबहिनीबीचमा बिबाह हुने गरेको र त्यस्तो सम्बन्धबाट जन्मिएको बच्चा अपराधिक मानसिकताको हुनुको साथै यस्तो मानिस भैंसी र बाखाभन्दा पनि तुच्छ"** हुन्छ भनी सिङ्गो तामाङ, मगर लगायत आदिवासी जनजाति समुदायको प्रथाजनित अभ्यासमाथि धावा बोल्नुका साथै आनुवांशिक रूपमा नै अपराधीकरण गर्ने र मान्छेलाई जनावरसँग तुलना गरी दिएको कपोलकल्पित, भ्रामक र तथ्यहीन अभिव्यक्ति टेलिभिजन, युट्युब र टिकटकबाट समेत प्रत्यक्ष तथा रेकर्डेड प्रसारण भएको कुराले हाम्रो आत्मसम्मान र प्रतिष्ठामा गम्भीर चोट पुगी निजलाई गलत अभिव्यक्ति सच्याउन पटक पटक आग्रह गर्दा समेत अटेर गरेपछि मिति २०८०/०४/०९ गते आवश्यक कार्वाहीको लागि जिल्ला प्रहरी परिसर टेकुमा उजुरी दर्ता गरेको र सो उजुरी दर्ता भएको लामो समय बितिसक्दा समेत निजलाई पक्राउ नगरेपछि प्रहरी परिसर टेकुका अधिकारीलाई घेराउ कार्यक्रमको बारेमा अग्रिम जानकारी दिनुका साथै नेपाल मगर संघ र नेपाल तामाङ घेदुङ दुवै संस्थाबाट अलगअलग पत्रकार सम्मेलन कार्यक्रमको आयोजना नै गरेर मिति २०८०/०४/१७ गते बाध्य भई जिल्ला प्रहरी परिसर टेकु घेराउ कार्यक्रम राखिएको विषय यहाँलाई जानकारी गराउन चाहन्छौं ।

साथै, कानुन व्यवसायी पाण्डेको उक्त अभिव्यक्तिले नेपालको बहुजातीय, बहुधार्मिक र बहुसांस्कृतिक समाजको धार्मिक, सांस्कृतिक सहिष्णुतामाथि खलल पुग्न गएको हुँदा निजको यो अभिव्यक्ति तथा प्रसारण नेपालको संविधानद्वारा प्रदत्त सम्मानपूर्वक बाँच्न पाउने हक, छुवाछुत तथा भेदभावविरुद्धको हक, संस्कृतिको हक प्रतिकूल हुनुका साथै जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ को दफा ४ को उपदफा १२, दफा ७ को १(ख) विपरितको कसूर, मुलुकी अपराध संहिता, २०७४ को दफा ६५(१), बमोजिमको सार्वजनिक शान्ति खलल पार्ने कसुरमा ऐ.६५(२) बमोजिम सजाय हुने कसूर विद्युतिय (ईलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को दफा ४७ (१) र (२) विपरितको कसूर रहनुका साथै निजहरूले एकिकृत कसूर समेत गरेको हुँदा विपक्षीहरूलाई मुलुकी अपराध संहिता २०७४ को दफा ४३(१) को कसूरमा ऐ. उपदफा (२) बमोजिम थप सजायको मागदावी गरी कानूनी कार्वाही गर्नुपर्नेमा पक्राउ परेकै दिन मिति २०८०/०४/१७ गते केही घण्टा प्रहरीले नियन्त्रणमा लिई सामान्य सोधपुछ गरी सम्मानित जिल्ला अदालत काठमाडौंले माथवर व्यक्तिको जिम्मा जमानीमा छाड्नु भन्ने आदेश भई निज पाण्डेलाई केही घण्टामै रिहा गरेको घटनाले हामीलाई थप मर्माहत बनाएको समेत जानकारी गराउन चाहन्छौं ।

तामाङ र मगर समुदायको राष्ट्रिय संस्था क्रमशः नेपाल तामाङ घेदुङ र नेपाल मगर संघले उक्त मितिमा प्रहरी कार्यालय घेराउ गर्ने भनेपछि साउन १७ गते बिहान मात्र अभियुक्त भगवती पाण्डेलाई पक्राउ गरेको तर त्यसको जानकारी समयमा नपाउँदा घोषित १ घण्टे धर्ना कार्यक्रमलाई शान्तिपूर्ण ढंगले सम्पन्न गर्ने क्रममा प्रहरीले अनावश्यक बल प्रयोग गरी चार दर्जन बढीलाई पक्राउ गर्नुका साथै अश्रुग्याँस, लाठी, रड प्रयोग गरी एक दर्जन बढी महिला तथा पुरुष आन्दोलनकारीलाई नियन्त्रणमा लिई चरम यातना दिएको, टेकु प्रहरी परिसर गेटबाट टाढा पुगिसकेकोलाई समेत लखेटेर निर्घात कुटपिट गरेको, सुन्न, भन्न र लेख्न समेत नसकिने शब्द प्रयोग गरी गाली गलौज गरेको र पुरुष प्रहरीले महिलाको सम्वेदनशील अंगमा कुटपिट गरी अमानवीय व्यवहार प्रदर्शन गरी यसबाट निहत्था आन्दोलनकारीको टाउको, जिउ र हातखुट्टामा चोट लागी गम्भीर घाइते बनाएको, चरम शारीरिक र मानिसक यातना दिइ मरणासन्न हुनेगरी कुटपिट गरी घाइते समेत बनाइनु र उपचारको लागि अस्पताल लाने बहानामा उपचार नगरी घण्टौसम्म प्रहरीको गाडीमा सडकमै राखी थप प्रताडित बनाएको हुँदा जिल्ला प्रहरी परिसर, काठमाडौंको उक्त कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा १६७ (१), (२) र (३) विपरीत पक्राउ गरी आफ्नो नियन्त्रणमा लिई क्रुर, निर्मम, अमानवीय अपमानजनक रूपमा यातना दिने र व्यवहार गर्ने कसूरको नेतृत्व गर्ने तथा मातहतका कर्मचारीहरूलाई आदेश दिने प्रहरी बरिष्ठ उपरिक्षक दानबहादुर कार्की तथा उक्त आदेशलाई कार्यान्वयन गरी अमानवीय ढंगले कुटपिट गर्न अन्य प्रहरी हवल्दार र जवान लगायतका प्रहरी कर्मचारीहरूलाई कमाण्ड गरी निर्देशन दिने प्रहरी नायव उपरिक्षक अनिल अधिकारी, प्रहरी निरिक्षक राजन तामाङ, लगायतका बर्दिमा नाम उल्लेख भएको र बर्दिमा नाम उल्लेख नभएका नचिनेका ६०/७० जना प्रहरीहरूलाई उक्त दिनको ड्युटीको आधारमा पहिचान गरी निजहरूलाई उक्त ऐन बमोजिमको हदै सम्मको सजाय एवम् विभागीय सजायको लागि सिफारिस गरी पाउनका लागि नेपाल सरकार, गृहमन्त्रालय, नेपाल प्रहरी लगायतका सम्बन्धित सबैमा आवश्यक आदेश तथा निर्देशन जारी गरी पाउँ ।

अतः विपक्षी भगवती पाण्डेको उक्त अभिव्यक्ति तथा निजलाई पक्राउ गरी आवश्यक कानूनी दायरामा ल्याउने दायित्व बोकेको नेपाल प्रहरी र नेपाल सरकार र अदालतले आवश्यक जिम्मेवारी पूरा नगरी मुकदर्शक भई बसेको हुँदा निजहरूको उक्त कार्य माथि उल्लेखित प्रचलित ऐन कानूनको अतिरिक्त नेपालको संविधानद्वारा प्रदत्त धारा १६ को सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १८ को समानताको हक, धारा २४ को छुवाछुत तथा भेदभाव विरूद्धको हक, धारा ३२ को संस्कृतीको हक, तथा राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्व शिर्षक अन्तर्गतको धारा ५१ (ग) को सामाजिक र सांस्कृतिक रूपान्तरण सम्बन्धी नीति समेतको विपरित समेत भएको हुँदा विपक्षीहरूको उक्त कार्यका विरुद्ध संयुक्तराष्ट्रसंघ लगायत मानव अधिकारसँग सम्बन्धित अन्तराष्ट्रिय संघसंस्था, लगायतका सरोकारवालाहरू समक्ष घटनाको यथोचित सूचना सम्प्रेषण गरी निज भगवती पाण्डे, आवश्यक बल प्रयोग गर्ने र गर्न आदेश दिने जिम्मेवार प्रहरी कर्मचारीहरूलाई अन्तर्राष्ट्रिय समुदायमा कालोसूचीमा राख्न लेखि पठाउन समेत आयोग समक्ष अनुरोध गरिएको छ ।

**माननीय अध्यक्ष ज्यू,**

अन्तमाः हामी समस्त समुदायलाई अपराधीकरण गर्नेगरी विवादास्पद अभिव्यक्ति दिने निज कानुन व्यवसायी भगवती पाण्डेलाई कानुन बमोजिम हदैसम्म सजाय गर्नुका साथै मिति २०८०/०४/१७ गते शान्तिपूर्ण आन्दोलनमा रहेका आन्दोलनकारीलाई नियन्त्रणमा लिइसकेपछि चरम यातना दिई कुटपिट,

नेपाल तामाङ घेदुङ केन्द्रीय कार्य समिति का... स्था: २०१३

गालीगलौज, धरपकड गरेको हुँदा यसअघि समेत सम्मानित आदिवासी जनजाति आयोगमा उजुरी दर्ता गरेको स्मरण गराउँदै निम्न विषयमा माननीय अध्यक्ष ज्यूको गम्भीर ध्यानाकर्षण गर्दछौ ।

**तपसिल**

१. तामाङ र मगर समुदायलाई अपराधीकरण गर्नेगरी विवादास्पद अभिव्यक्ति दिने अधिवक्ता भगवती पाण्डेलाई कानून बमोजिम हदैसम्म सजाय दिइयोस् ।

२. शान्तिपूर्ण आन्दोलनमा आफ्नो मागहरू राखिरहेका अभियन्ताहरूलाई नियन्त्रणमा लिइसकेपछि अनावश्यक बल प्रयोग गरी चरम यातना दिने जिल्ला प्रहरी परिसर टेकु, काठमाडौंका प्रहरी वरिष्ठ उपरिक्षक दान बहादुर कार्कीसहित संलग्न सबै प्रहरीलाई कार्वाही गरियोस् ।

३. मिति २०८०/०४/१७ गतेको आन्दोलनमा प्रहरीको चरम यातना तथा निर्घात कुटपिटबाट घाइते भएका दर्जनौ अभियन्ताहरूलाई उपचार खर्चसहित उचित क्षतिपूर्ति दिइयोस् ।

.............................

**मोहन गोले तामाङ**

अध्यक्ष

नेपाल तामाङ घेदुङ सङ्घीय समिति ।

नेपाल ताम... संघीय कार्य समिति ... स्था: २०७३

.............................

**ज्ञानेन्द्र पुन मगर**

अध्यक्ष

नेपाल मगर संघ केन्द्रीय समिति ।

**तामाङ, मगर लगायत समस्त आदिवासी जनजाति समुदायलाई नै अपराधीकरण गर्नेगरी विवादास्पद अभिव्यक्ति अधिवक्ता भगवती पाण्डेलाई पक्राउ गरियोस् भनी २०८० साउन १७ गते जिल्ला प्रहरी परिसर टेकुमा शान्तिपूर्ण कार्यक्रममा पक्राउ तथा घाइते भएका अभियन्ताहरूको नामावली :-**

| क्र.सं. | नाम | ठेगाना | गिरफ्तारी | घाइतेको प्रकृति | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| १. | निरुता मोक्तान | रामेछाप | गिरफ्तारी | खुट्टामा चोट, गम्भीर घाइते | ९८६४३३६ |
| २. | कृतिमाया गोले | सिन्धुपाल्चोक | गिरफ्तारी | खुट्टा र शरीरभरि चोट | ९८०३२३८ |
| ३. | सुशिला स्याङ्बो | काभ्रे | गिरफ्तारी | शरीरमा चोट | ९८२३८६५ |
| ४. | विश्व दोङ | कलाकार, काभ्रे | गिरफ्तारी | मुखमा चोट लागेको | ९८५१०५८ |
| ५. | बुद्ध ब्लोन | काभ्रे, खानीखोला | गिरफ्तारी | | ९८६६१९५ |
| ६. | जोन तामाङ | धादिङ | गिरफ्तारी | | ९८४३८२ |
| ७. | झहरमान थेबे | टीकाथली-५, ललितपुर | गिरफ्तारी | | ९८६५३७० |
| ८. | उमेश स्याङ्तान | हेटौडा, मकवानपुर | गिरफ्तारी | शरीरभरि चोटपटक | ९८५१३५० |
| ९. | चन्द्रकुमार श्रेष्ठ | हेटौडा, मकवानपुर | गिरफ्तारी | | ९८४१५९ |
| १०. | बुद्धिलाल स्याङ्तान | गोदवरी, ललितपुर | गिरफ्तारी | | ९८६१७७१ |
| ११. | सुमन तामाङ | काभ्रे, तेमाल-९ | गिरफ्तारी | खुट्टा, हात र ढाडमा चोट | ९८६१८११ |
| १२. | लालबहादुर तामाङ | काभ्रे | गिरफ्तारी | | ९८१८३९ |
| १३. | बच्चु हिमांशु लिम्बु | साहित्यकार | गिरफ्तारी | | ९८०८९७ |
| १४. | विज्ञान तामाङ | काभ्रे, तेमाल | गिरफ्तारी | | ९८१९३८ |
| १५. | कुमार मोक्तान | दोलखा, सैलुङ | गिरफ्तारी | | ९८४०४१ |
| १६. | चन्द्रवीर तुम्बापो | कवि | गिरफ्तारी | शरीरभरि चोट, निलडाम | ९८४१५९ |
| १७. | वीरबहादुर तामाङ | शिवपुरी, नुवाकोट | गिरफ्तारी | | ९८४१५८ |
| १८. | विकास मोक्तान | काभ्रे | गिरफ्तारी | | ९८६९२५ |
| १९. | भीम कुमारी राना | नयाँ बजार, काठमाडौं | गिरफ्तारी | | ९८४१४ |
| २०. | शान्ताकुमारी तामाङ | धादिङ | गिरफ्तारी | शरीरमा चोटपटक लागेको | ९८५१०७ |
| २१. | महेन्द्र तामाङ | धादिङ, खनियाँबास | गिरफ्तारी | | ९८६०५१ |
| २२. | निर्मला थिङ | काभ्रे | गिरफ्तारी | | ९७६१७८ |
| २३. | सकुन्तला आले | बानेश्वर, काठमाडौं | | खुट्टामा चोटपटक | ९८४१८ |
| २४. | सन्जय तामाङ | ओखलढुंगा | गिरफ्तारी | | ९८४११७ |
| २५. | विवेक लामा | धादिङ | गिरफ्तारी | | ९८४८९ |
| २६. | आसमान तामाङ | काभ्रे, पाँचखाल | गिरफ्तारी | खुट्टा, घुँडा, गर्दनमा चोट | ९८५१२६ |
| २७. | तिर्सना मगर | मोरङ | गिरफ्तारी | | ९८४१६९ |
| २८. | शान्ति घर्ती मगर(सामना) | पत्रकार, रोल्पा | गिरफ्तारी | पेट र शरीरभरि चोटपटक | ९८४०५ |
| २९. | मन्दिराकुमारी आले | ओखलढुंग | गिरफ्तारी | शरीरभरि चोटपटक लागेको | ९८४३६ |
| ३०. | धिरेन्द्र लामा | उदयपुर | गिरफ्तारी | शरीरमा चोटपटक | ९८०३१ |
| ३१. | अजय तामाङ | सिन्धुपाल्चोक | गिरफ्तारी | | |
| ३२. | बम दर्लामी | रुपन्देही | गिरफ्तारी | चोट नदेखिनेगरी कुटपिट | |
| ३३. | गणेश लामा | काभ्रे | गिरफ्तारी | | |
| ३४. | शुशिल लामा | धादिङ | गिरफ्तारी | | |
| ३५. | परशुराम तामाङ | धादिङ | गिरफ्तारी | | ९८५१० |
| ३६. | सरोजमोहन लामा | दोलखा | गिरफ्तारी | | ९८४१५ |
| ३७. | राजकुमार तामाङ | काभ्रे | गिरफ्तारी | चोट नदेखिनेगरी कुटपिट | ९८४१० |
| ३८. | बीरेन्द्र तामाङ | काभ्रे | गिरफ्तारी | चोट नदेखिनेगरी कुटपिट | |
| ३९. | अन्तरे घिसिङ | काभ्रे, चौरीदेउराली | गिरफ्तारी | लाठ्ठी प्रहारबाट घाइते | ९८२०२ |
| ४०. | विवेक तामाङ | धादिङ | गिरफ्तारी | | |
| ४१. | मणिक दोङ | काभ्रे | | खुट्टामा चोट लागेको | ९८५१० |
| ४२. | विलाम मुक्तान | काभ्रे | | खुट्टामा चोट लागेको | ९८४१३ |

नेपाल तामाङ घेडुङ

| | | | | | |
|---|---|---|---|---|---|
| ४३. | फूलकुमार बम्जन | कलाकार, सिन्धुली | | चोट नदेखिनेगरी कुटपिट | ९८२३८६५३८१ |
| ४४. | हरिमान लामा | नागार्जुन, काठमाडौं | गिरफ्तारी | चोट नदेखिनेगरी कुटपिट | |
| ४५. | प्रेम मोक्तान | गोकर्णेश्वर, काठमाडौं | गिरफ्तारी | चोट नदेखिनेगरी कुटपिट | |
| ४६. | राधिका आले | महोत्तरी | गिरफ्तारी | शरीरभरी निलडाम र चोट | ९७४९८६९४७१ |
| ४७. | उपेन्द्र बुढा मगर | दैलेख | गिरफ्तारी | शरीरभरि निलडाम र चोट | ९८६१८०६४५८ |
| ४८. | धर्म लामा | धादिङ | गिरफ्तारी | | |
| ४९. | इमान सिं तामाङ | रुबिभ्याली, धादिङ | गिरफ्तारी | | |
| ५०. | अमृत तामाङ | चितवन | गिरफ्तारी | खुट्टाको हड्डी भाच्चिएको | ९८४१३९०६२७ |
| ५१. | चन्द्रबहादुर थापा | काठमाडौं | | गम्भीर घाइते (खुट्टामा चोट लागेको | ९८५१०९२७४९ |
| ५२. | नुतन राना | रुपन्देही | | खुट्टामा चोट लागेको | ९८४९०३५७१८ |
| ५३. | कल्याण राना | धादिङ | | शरीरमा निलडाम | ९८४१८४६९६० |
| ५४. | संयोग लामा | रामेछाप | गिरफ्तारी | | |
| ५५. | काइला लामा | काभ्रे, तेमाल | गिरफ्तारी | | |
| ५६. | भीम लामा | काभ्रे तेमाल | गिरफ्तारी | | |
| ५७. | धर्म गोले तामाङ | चापागाउँ, ललितपुर | गिरफ्तारी | | |
| ५८. | जगत मोक्तान | सिन्धुपाल्चोक | गिरफ्तारी | | |
| ५९. | दूधबहादुर लामा | रौतहट | गिरफ्तारी | | |
| ६०. | मन्जु मगर | काठमाडौं | " | शरीरभरि गम्भीर चोट | 98512406 |

आदिवासी जनजाति आयोग
पुल्चोक ललितपुर

निर्णय नं. : ७२/०८०/०८१
निर्णय भएको मिति :२०८०/०४/२२

प्रस्ताव पेश गर्न स्वीकृत भएको मिति : २०८०/०४/२१

**प्रस्ताव: मानव अधिकार उल्लङ्घन सम्बन्धमा अध्ययन समिति गठन गर्ने ।**

**१. विषयको संक्षिप्त विवरण :**

प्राईम टेलिभिजनबाट प्रसारित चिया गफ कार्यक्रममा अधिवक्ता भगवती पाण्डेले तामाङ र मगर जातिको संस्कृतिको विरुद्धमा दिएको अभिव्यक्तिका सम्बन्धमा तामाङ र मगर समुदाय माथि गम्भिर सांस्कृतिक मानवअधिकार उल्लङ्घन भएकोले कारवाही गरिपाउँ भनि नेपाल तामाङ घेदुङ सङ्घीय समिति र नेपाल मगर संघ केन्द्रिय समितिका प्रतिनिधिले निज पाण्डेलाई कारवाही गरी पाऊ भनि प्रहरी समक्ष जाहेरी निवेदन दिएका थिए। यस सम्बन्धमा कारवाहीको माग गर्दै मिति २०८०।०४।१७ मा जिल्ला प्रहरी परिसर टेकु, काठमाडौं घेराउ कार्यक्रममा भेला भई शान्ति पूर्ण दवाब कार्यक्रम आयोजना गरी प्रदर्शन गरीरहेको समयमा प्रहरीले धरपकड गरी हिरासतमा लिएर चरम यातना दिइ कुटपिट तथा गालीगलौज गरी गम्भिर मानव अधिकार उलङ्घन भएको भनि नेपाल तामाङ घेदुङ सङ्घीय समिति र नेपाल मगर संघ केन्द्रिय समितिबाट गम्भिर यातना दिने प्रहरीलाई छानविन गरी कार्यवाही गरीपाँउ भनि यस आयोगमा मिति २०८०।०४।१८ मा निवेदन पेश हुन आएको छ ।

**२. प्राप्त परामर्श तथा अन्य प्रासङ्गिक कुरा:**

आदिवासी जनजाति आयोग ऐन, २०७४ को दफा ७(ङ) मा भएको व्यवस्था अनुसार आदिवासी जनजाति समुदायको अधिकार उल्लङ्घन भएमा उजुरी संङ्कलन गरी सो उपर छानबिन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने व्यवस्था छ । प्राईम टेलिभिजनबाट प्रसारित कार्यक्रममा 'तामाङ जातिमा दाजुबहिनी बीच विवाह हुने गरेको र त्यस्तो विवाहबाट जन्मिएको बच्चा अति कट्टरवादी अपराधिक मनस्थितिको हुने जस्ता' अभिव्यक्ति सम्बन्धमा अभिव्यक्ति दिने व्यक्तिलाई कारवाहीको लागि जिल्ला प्रहरी परिसर टेकु, काठमाडौं घेराउ कार्यक्रममा प्रहरीले प्रक्राउ गरी हिरासतमा यातना दिएको हुँदा आवश्यक कारवाहीको लागि नेपाल तामाङ घेदुङ संघीय समिति र नेपाल मगर संघ केन्द्रिय समितिबाट प्राप्त उजुरीका विषयमा अध्ययन गरी प्रतिवेदन पेश गर्न आदिवासी जनजाति आयोग ऐन, २०७४ को दफा १० र आयोगको नियमावली २०७९ को उपनियम ४, ५, र ६ बमोजिम विशेष कार्य सम्पादन गर्ने प्रयोजनका लागि आयोगले कार्यविधि तोकी कुनै समिति वा कार्यदल गठन गर्न सक्ने व्यवस्था छ ।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण:**

प्राईम टेलिभिजनमा प्रशारित चिया गफ कार्यक्रममा अधिवक्ता भगवती पांण्डेले दिएको अभिव्यक्तिका सम्बन्धमा निजलाई कानून बमोजिम कारवाही गरियोस भनि तामाङ र मगर समुदायका मानिसहरु जिल्ला प्रहरी परिसर काठमाडौंमा आफ्ना कुरा राख्न गएकोमा त्यहाँ जम्मा भएका तामाङ र मगर समुदायका मानिसहरुलाई प्रहरीले अनुचित बल प्रयोग गरी प्रक्राउ गर्नुका साथै हिरासतमा लिई सकेपछि यातना दिई कुटपिट र गालीगलौज गरी पिडित समेत तुल्याएको र यसबाट शान्तिपूर्ण रुपमा आफ्ना पीरमर्का सुनाउन भेला भएका तामाङ र मगर समुदायका मानिसहरुलाई राज्यले दमन गरी उनीहरुको मानब अधिकारको समेत उल्लङ्घन गरेकोले आवश्यक कारवाहीको माग सहित निवेदन प्राप्त भएको हुँदा यस सम्बन्धमा थप अध्ययन गरी सत्यतथ्य पत्ता लगाई नेपाल सरकार समक्ष आवश्यक कारवाहीको लागि सिफारिस गर्नु पर्ने भएको।

**४. आयोगबाट भएको निर्णय :**

मिति २०८०।०४।१७ मा जिल्ला प्रहरी परिसर टेकु, काठमाडौं घेराउ कार्यक्रममा भेला भएका तामाङ र मगर समुदायका मानिसहरु उपर प्रहरीद्वारा भएको धरपकड र हिरासतमा लिएपछि पनि चरम यातना दिई कुटपिट र गाली गलौज गरेको सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न आयोगका माननीय सदस्य सूर्य बहादुर गुरुङज्यूको संयोजकत्वमा माननीय सदस्य रीना राना र माननीय सदस्य शरण राईज्यू रहने गरी ३ सदस्यीय अध्ययन समिति गठन गरी अध्ययन गर्ने र सो समितिले १५ दिन भित्र अध्ययनको प्रतिवेदन पेश गर्ने ।

| (मा. सुर्यबहादुर गुरुङ) | (मा. शरण राई) | (मा. रीना राना) | (मा.डा.मीन बहादुर श्रीस) | (मा.रामबहादुर थापामगर) |
| --- | --- | --- | --- | --- |
| सदस्य | सदस्य | सदस्य | सदस्य | अध्यक्ष |

# आदिवासी जनजाति आयोग

## पुल्चोक, ललितपुर

पत्र संख्या : ०८०/८१
चलानी नं. : १६८

मितिः २०८०।०४।३०

माननीय गृह मन्त्रीज्यू,
गृह मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

विषयः छलफल सम्बन्धमा।

प्रस्तुत विषयमा मितिः २०८० श्रावण ७ गते प्राइम टाइम्स टेलिभिजनका दिक्पाल कार्कीद्वारा सञ्चालित **चियागफ** टक सो मा प्रसारित अन्तर्वाताका क्रममा अधिवक्ता भगवती पाण्डेले दिनु भएको अभिव्यक्तिले सृजना गरेको घटनाक्रममा मिति २०८०।०४।१७ गते टेकु परिषरमा भएको घटना सम्बन्धमा आयोगद्वारा माननीय मन्त्रीज्यूसँग भेटी छलफल गर्नु पर्ने भएकोले माननीय मन्त्रीज्यूको समय उपलब्ध गराई दिनु हुन निर्देशानुसार अनुरोध गरिन्छ।

शोभा पाण्डे बस्याल
सदस्य सचिव, छानविन समिति

टेलिफोन नं.: ९७७-१-५५२४७८८, ५५२४४२४
वेभसाइट : www.inc.gov.np
इमेल ठेगाना : inc.gov.np@gmail.com

# आदिवासी जनजाति आयोग
## पुल्चोक, ललितपुर


पत्र संख्या : ०८०।८१
चलानी नं. : १५८

आदिवासी जनजाति आयोग

मितिः २०८०।०४।२८

श्री प्राइम टाइमस् टेलिभिजन,

**विषयः प्रसारित कार्यक्रमको पूर्ण अंश उपलब्ध गराई दिनु हुन।**

प्रस्तुत विषयमा मितिः २०८० श्रावण ६ गते तहाँ टेलिभिजनका दिक्पाल कार्कीद्वारा सञ्चालित **चियागफ** टक सो मा प्रसारित अधिवक्ता भगवती पाण्डेसंगको अन्तर्वाता र सोही सम्बन्धी ऋषि धमलाद्वारा सञ्चालित कार्यक्रम **जनता जान्न चाहन्छन** मा प्रसारित अधिवक्ता भगवती पाण्डे र मञ्जु समेतसंगको अन्तरसंवादको पूर्ण अंशको ई.कपी यसै पत्र बाहक मार्फत पत्र सहित उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछु।

शोभा पाण्डे
सदस्य सचिव, छानविन समिति


टेलिफोन नं.: ९७७-१-५५२४७८८, ५५२४४२४
वेबसाइट : www.inc.gov.np
इमेल ठेगाना : inc.gov.np@gmail.com

# आदिवासी जनजाति आयोग
## पुल्चोक, ललितपुर

पत्र संख्या : ०८०।८१
चलानी नं. : ९६३

मितिः २०८०।०४।३०

श्रीमान् अध्यक्षज्यू,
नेपाल बार एशोसिएसन,

**विषयः छलफल सम्बन्धमा।**

प्रस्तुत विषयमा मितिः २०८० श्रावण ७ गते प्राइम टाइम्स टेलिभिजनका दिक्पाल कार्कीद्वारा सञ्चालित **चियागफ** टक सो मा प्रसारित अधिवक्ता भगवती पाण्डेले दिनु भएको अभिव्यक्ति सम्बन्धमा आम जनमासमा व्यापक विरोध हुँदै आएकोले निज अधिवक्ता पाण्डे नेपाल बार एशोसिएशनको सदस्य रहेको हुँदा नेपाल बार एशोसिएशनसँग पनि उक्त विषयमा छलफल गर्नु पर्ने भएकाले यहि मितिः २०८०।०४।३२ गते दिउँसो ४ बजे आयोगका माननीय सदस्यज्यूहरु भेट्नका लागि आउनु हुने भएकोले उक्त मिति र समय अध्यक्षज्यूले उपलब्ध गराई दिनु हुन निर्देशानुसार विशेष अनुरोध गरिन्छ।

शोभा पाण्डे बस्याल
सदस्य सचिव, छानविन समिति

टेलिफोन नं.: ९७७-१-५५२४७८८, ५५२४४२४
वेभसाइट : www.inc.gov.np
इमेल ठेगाना : inc.gov.np@gmail.com

# आदिवासी जनजाति आयोग
## पुल्चोक, ललितपुर


**पत्र संख्या :** ०८०।८१
**चलानी नं. :** १६८

मितिः २०८०।०४।३२

श्रीमान् टेकु प्रहरी परिषर प्रमुखज्यू,
काठमाडौं।

विषयः छलफलमा उपस्थिति सम्बन्धमा।

प्रस्तुत विषयमा मितिः २०८० श्रावण ७ गते प्राइम टाइम्स टेलिभिजनका दिक्पाल कार्कीद्वारा सञ्चालित **चियागफ** टक सो मा प्रसारित अन्तर्वाताका क्रममा अधिवक्ता भगवती पाण्डेले दिनु भएको अभिव्यक्ति पश्चात सृजित घटनाक्रममा मिति २०८०।०४।१७ गते टेकु प्रहरी परिषरमा भएको घटना सम्बन्धमा आयोगमा छलफल गर्नु पर्ने भएकोले मितिः २०८० भाद्र १ गते विहानको ११:०० बजे यहाँको उपस्थितिको लागि निर्देशानुसार अनुरोध गर्दछु।

शोभा पाण्डे बस्याल
सदस्य सचिव, छानविन समिति


टेलिफोन नं.: ९७७-१-५५२४७८८, ५५२४४२४
वेभसाइट : www.inc.gov.np
इमेल ठेगाना : inc.gov.np@gmail.com

अध्ययनका क्रममा प्रत्यक्ष भेटघाट गरी छलफल गरेको संस्था तथा व्यक्तिः

| क्र.स. | संस्था वा व्यक्ति |
|---|---|
| १. | नेपाल तामाङ घेदुङ संघीय परिषद |
| २. | नेपाल मगर संघ |
| ३. | श्री ज्ञानेन्द्र पुन मगर, अध्यक्ष नेपाल मगर संघ |
| ४. | श्री मोहन गोले, अध्यक्ष नेपाल तामाङ घेदुङ संघीय परिषद |
| ५. | मा. सुरेश आले मगर, राष्ट्रिय सभा सदस्य |
| ६. | अधिवक्ता श्री चुडा पौडेल, विशेष बारका अध्यक्ष |
| ७. | अधिवक्ता श्री टिका कुँवर, विशेष बारका सचिव |
| ८. | अधिवक्ता श्री आशा राई, नेपाल बार एशोसिएनको महिला उपाध्यक्ष |
| ९. | श्री अधिवक्ता अञ्जीता खनाल, नेपाल बार एशोसिएनको महासचिव |
| १०. | डा. मुक्ता सिंह लामा, मानवशास्त्री/ समाजशास्त्री |
| ११. | एस.एस.पी. श्री दान बहादुर कार्की, टेकु प्रहरी परिषर प्रमुख |
| १२. | डि.एस.पी.निरञ्जन भट्ट, टेकु प्रहरी परिषर |
| १३. | भगवती पाण्डे, अधिवक्ता |
| १४. | गंगा बहादुर थापा मगर, सह-अध्यक्ष नेपाल मगर संघ |
| १५. | टेक बहादुर नामजाली मगर महासचिव, नेपाल मगर संघ |
| १६ | मन बहादुर पुन मगर उप-महासचिव, नेपाल मगर संघ |
| | घाईतेहरु |
| १७. | सोनी मोक्तान |
| १८. | धन बहादुर थेवे |

| | |
|---|---|
| १९. | दिल माया तामाङ |
| २०. | झहरमान थेवे |
| २१. | चन्द्रवीर तुम्बापो |
| २२. | कीर्तिमाया तामाङ |
| २३. | सुसिला तामाङ |
| २४. | बुद्धप लुम तामाङ |
| २५. | विवेक लामा |
| २६. | भिमकुमारी राना |
| २७. | सरोज मोहन लामा |
| २८. | नुतन राना मगर |
| २९. | शान्ति घर्ती मगर |
| ३०. | उपेन्द्र बुढा मगर |
| ३१. | राधिका आले मगर |
| ३२. | मन्दिरा आले मगर |

TBN TIMES
BROADCASTING NETWORKS PVT. LTD.
GOVT. Regd. No 162449/073/074
VAT No. 604391221

prime HD TELEVISION

प.स. : ०८० ८१
च.न : १७

मिति : २०८०/०५/११

श्रीमान अध्यक्ष ज्यु
आदिबासि जनजाति आयोग
पुल्चोक, ललितपुर ।

**विषय: भिडियो हटाईएको सम्बन्धमा ।**

**महोदय,**

उपरोक्त सम्बन्धमा यस टेलिभिजनको कार्यक्रम चिया गफमा २०८० साल साउन ६ गते प्रशारित भगवती पाण्डेसंगको अन्तरवार्ताप्रति असन्तुष्टी जनाइएको हुँदा उक्त कार्यक्रममा निज पाण्डेले व्यक्त गरेका धारणा यस टेलिभिजनको नभएको र त्यस्तो धारणा व्यक्त गर्न लगाई प्रशारण गर्ने नियत तथा नीति नरहेको पनि अवगत गराउँदछौं ।

प्रत्यक्ष प्रशारणका क्रममा आपत्तिजनक धारणा व्यक्त भएकाले तत्काल नियन्त्रण गर्न नसकिएको र भूलवस सामाजिक संजालहरुमा अपलोड भएकोप्रति हामी क्षमाप्रार्थी छौं । यस घटनाप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भइ तत्काल उक्त सामग्री यस टेलिभिजनअन्तर्गतका सबै सामाजिक सञ्जालबाट हटाइसकेको जानकारी गराउँदछु ।

यस टेलिभिजन नेपालको संविधान, ऐन, कानुन र मूल्य मान्यतालाई अक्षरत पालना गर्ने कुरामा सदैव प्रतिबद्ध छ । त्यस्ता अभिव्यक्ति तथा सामग्रीलाई आगामी दिनमा प्रशारण हुनबाट रोक्न हामी प्रतिवद्ध रहेको पनि जानकारी गराउदछौं ।

ध्रुव ढकाल
प्रशासकीय अधिकृत
प्राइम टाइम्स टेलिभिजन

Kattyani Chowk, Baneshwor, Kathmandu, Nepal | 977-01-4589961, 977-01-4589963 | info@primetvhd.com | www.primetvhd.com

**नेपाल तामाङ घेदुङ संघीय समितिसँग आदिवासी जनजाति आयोगको छानविन समितिको प्रश्नावली**

१. प्राइम टाइम्स् टि.भि. बाट प्रशारण गरिएको विषय वस्तु, मिति र समय खुलाई दिनुहोस्।

२. नेपाल तामाङ घेदुङ सङ्घीय समितिले उक्त अभिव्यक्ति कहिले जानकारी पाउनु भयो ?

३.नेपाल तामाङ घेदुङ सङ्घीय समितिले उक्त अभिव्यक्ति दिएका सम्बन्धमा भगवती पाण्डेसँग भेटेर छलफल भएको छ की छैन? भएको थियो भने के कुरा भएको थियो ?

४. अधिवक्ता भगवती पाण्डेले दिएको अभिव्यक्तिले तामाङ समुदायमा कस्तो असर पर्न गएको छ ?

५. उनको भनाई अज्ञानता हो या जानिबुझी ?

६. पाण्डेको भनाई अनुसार तामाङ समुदायमा दाजु बहिनी बीचमा विवाह हुँदो रहेछ, यो भनाई एउटै जेनेटिक भित्र पर्ने भएकोले दाजु बहिनी बीच विवाह हुनु राम्रो प्रथा होइन र यस सम्बन्धबाट जन्मिएका सन्तान राम्रो हुँदैन भन्ने भनाईसँग सहमत हुनुहुन्छ ?

७. पाण्डेको अभिव्यक्ति आए पश्चात उक्त अभिव्यक्ति विरुद्ध संस्थागत वा व्यक्तिगत के कार्यक्रमहरु गर्नु भयो?

८. पाण्डेले प्राइम टि.भी. मा नै जनता जान्न चाहन्छन् भन्ने कार्यक्रममा मेरो गल्ती भएको भए सरी भन्न चाहान्छु भनेकी छिन्। निज पाण्डेले आफ्नो गल्ती स्वीकार गरेकी होइन र ?

९. तपाईहरुले कारबाहीको लागि प्रहरी परिषर टेकुमा जाहेरी दिनु भयो र छिटो भन्दा छिटो पक्राउ गरी कारबाही होस् भन्ने माग थियो। मिति २०८०।०४।१७ गते बिहान ९ बजे नै पाण्डेलाई पक्राउ गरिसकेको रहेछ तर प्रहरीबाट पक्राउ परिसकेको जानकारी नगराएको हुँदा धर्ना कार्यक्रम यथावत भएको देखिन्छ, परिषरमा भेला पछी दुवै संघका अध्यक्षहरुलाई बोलाएर पक्राउ परेको जानकारी गराई सकेपछी घेराउ कार्यक्रमलाई बन्द गर्नु पर्नेमा किन दुःखत घटना हुन पुग्यो, कसको कारणबाट भएको हो ?

१०. उक्त घटनामा प्रहरीले गरेको व्यवहारप्रति तपाईहरुको भनाई के रहेको छ र दोषी माथि कस्तो प्रकारको कारबाही होस् भन्ने चाहनु हुन्छ ? विशेषगरी घाइते हुनु भएका व्यक्तिहरुबाट खुलाई दिनु होस्।

११.प्रहरीले पक्राउ गरेपछी थुनामा रहेको अवस्थामा निर्मम ढंगबाट कुटपिट गरेको थियो भन्ने विभिन्न मिडियामा प्रसारण भएको पाइन्छ, ती कुटपिट गर्ने प्रहरीहरुको नाम र पद थाहा भए उल्लेख गरिदिनु होस् ?

१२. पाण्डेको अभिव्यक्ति सुन्दा प्रथाजनित कानून नै संशोधन गर्न पर्छ भन्ने रहेछ नि, यस सम्बन्धमा के भन्नु हुन्छ ?

१३. तामाङ समुदायको माग के रहेको छ ? सामाजिक सद्भावलाई खल्बलिन नदिनका लागि सबै पक्षको कस्तो भूमिका हुनु पर्दछ ?

१४. अन्तमा केही खुलाउन बाँकी भए खुलाई दिनु होस्।

**नेपाल मगर संघसँग आदिवासी जनजाति आयोगको छानविन समितिको प्रश्नावली**

१. प्राइम टाइम्स् टि.भि. बाट प्रसारण गरिएको विषय वस्तु, मिति र समय खुलाई दिनुहोस् ।

२. नेपाल **मगर संघ**ले उक्त अभिव्यक्ति कहिले जानकारी पाउनु भयो ?

३. नेपाल **मगर संघ**ले उक्त अभिव्यक्ति दिएका सम्बन्धमा भगवती पाण्डेसँग भेटेर छलफल भएको छ की छैन? भएको थियो भने के कुरा भएको थियो ?

४. अधिवक्ता  भगवती पाण्डेले दिएको अभिव्यक्तिले मगर समुदायमा कस्तो असर पर्न गएको छ ?

५. उनको भनाई अज्ञानता हो या जानिबुझी

६. पाण्डेको भनाई अनुसार मगर समुदायमा दाजु बहिनी बीचमा विवाह हुँदो रहेछ, यो भनाई एउटै जेनेटिक भित्र पर्ने भएकोले दाजु बहिनी बीच विवाह हुनु राम्रो प्रथा होइन र यस सम्बन्धबाट जन्मिएका सन्तान राम्रो हुँदैन भन्ने भनाईसँग सहमत हुनुहुन्छ ?

७. पाण्डेको अभिव्यक्ति आए पश्चात उक्त अभिव्यक्ति विरुद्ध संस्थागत वा व्यक्तिगत के कार्यक्रमहरु गर्नु  भयो?

८. पाण्डेले प्राइम टि.भी. मा नै जनता जान्न चाहन्छन् भन्ने कार्यक्रममा मेरो गल्ती भएको भए सरी भन्न चाहान्छु भनेकी छिन्। निज पाण्डेले आफ्नो गल्ती स्वीकार गरेकी होइन र ?

९. तपाईहरुले कारबाहीको लागि प्रहरी परिषर टेकुमा जाहेरी दिनु भयो र छिटो भन्दा छिटो पक्राउ गरी कारबाही होस् भन्ने माग थियो। मिति २०८०।०४।१७ गते बिहान ९ बजे नै पाण्डेलाई पक्राउ गरिसकेको रहेछ तर प्रहरीबाट पक्राउ परिसकेको जानकारी नगराएको हुँदा धर्ना कार्यक्रम यथावत भएको देखिन्छ, परिषरमा भेला पछी दुवै संघका अध्यक्षहरुलाई बोलाएर पक्राउ परेको जानकारी गराई सकेपछी घेराउ कार्यक्रमलाई बन्द गर्नु पर्नेमा किन दुःखत घटना हुन पुग्यो, कसको कारणबाट भएको हो ?

१०. उक्त घटनामा प्रहरीले गरेको व्यवहारप्रति तपाईहरुको भनाई के रहेको छ र दोषी माथि कस्तो प्रकारको कारबाही होस् भन्ने चाहनु हुन्छ ? विशेषगरी घाइते हुनु भएका व्यक्तिहरुबाट खुलाई दिनु होस्।

११.प्रहरीले पक्राउ गरेपछी थुनामा रहेको अवस्थामा निर्मम ढंगबाट कुटपिट गरेको थियो भन्ने विभिन्न मिडियामा प्रसारण भएको पाइन्छ, ती कुटपिट गर्ने प्रहरीहरुको नाम र पद थाहा भए उल्लेख गरिदिनु होस् ?

१२. पाण्डेको अभिव्यक्ति सुन्दा प्रथाजनित कानून नै संशोधन गर्न पर्छ भन्ने रहेछ नि, यस सम्बन्धमा के भन्नु हुन्छ ?

१३. मगर समुदायको माग सम्बन्धमा के रहेको छ ? सामाजिक सद्भावलाई खल्बलिन नदिनका लागि सबै पक्षको कस्तो भूमिका हुनु पर्दछ ?

१४. अन्तमा केही खुलाउन बाँकी भए खुलाई दिनु होस्

**टेकु प्रहरी प्रमुखसँग आदिवासी जनजाति आयोगको छानबिन समितिको प्रश्नावली**

१. अधिवक्ता भगवती पाण्डे विरुद्ध जाहेरी कहिले परेको थियो ?

२. अदालतले कहिले भगवती पाण्डेलाई पक्राउ गर्न आदेश दिएको थियो ?

३.अदालतबाट १२ गते नै पक्राउ गर्न आदेश भई सकेपछि पनि १३, १४, १५ र १६ गते सम्म किन पक्राउ गर्न ढिलाई गर्नु भयो ?

३. २०८० श्रावण १७ गते घटना किन घट्यो र कसरी हुन पुग्यो ?

४. भगवती पाण्डे पक्राउ गरिसकेको जानकारी समयमा किन जाहेरीकर्तालाई दिन सक्नुभएन ?

५. प्रहरीले धर्ना बसेका व्यक्तिलाई हिरासतमा लगेर कुटेको आरोपमा तपाईको भनाई के छ ?

६. घाइतेको उपचार सम्बन्धमा।

७. बाँकी केही भए खुलाई दिनुहोस् ।

**भगवती पाण्डेसँग आदिवासी जनजाति आयोगको छानबिन समितिको प्रश्नावली**

१. २०८०।४।७ मा प्राइम टि.भि.मा दिक्पाल कार्कीद्वारा संचलाति चिया गफ कार्यक्रममा अभिव्यक्ति सम्बन्धमा केहि कुरा राखिदिनु होस् ।

२. तपाई फौजदारी अपराध शास्त्रको ज्ञाता ठान्नु हुन्छ भन्ने पाइयो के अपराध जिनबाट सर्न सक्छ भन्ने प्रमाण पाउनु भएको छ ? छ भने खुलाई दिनु होस् ।

३ आम जनताको बुझाई तामाङ, मगर र मुस्लिम समुदालाई अपराधी गराउन खोजेजस्तो देखिन्छ नी ?

४. प्राइम टि.भि.को जनता जन्न चाहन्छ भन्ने कार्यक्रममा स्पष्ट रुपमा माफी माग्नु सक्नु भएन नी ?

५. तपाइको अभिव्यक्तिले अनाहकमा टेकु प्रहरी परिषरमा त्यति ठूलो घटना हुन पुग्यो र धेरै महिला दिदी वहिनीहरुलाइ पुरुष प्रहरीहरुले हिरासतमा लाने र कोठा भित्र पनि निर्मम ढङबाट कुटपिट भएको छ । र ति गम्भीर घाइते हुनु भएका ब्यक्तिहरुलाइ तपाइ के भन्नु हुन्छ ?

६. तापाईको थप भनाई केहि छ की ?

•



शान्तिपूर्ण धर्ना



तिरनता कैप्टनलाई गिरफ्तारी

तामाङ घेदुङ
कार्य समिति
स्था: २०१३



[illegible]
[illegible]
गिरफ्तारी र यातना



[illegible]
गिरफ्तारी र यातना

नेपाल तामाङ घेदुङ
संघीय कार्य समिति काठमाडौं
स्था: २०१३



पुरुष प्रहरीद्वारा
महिलालाई गोप्यागी
र यातना



प्रति गोलेला:
गम्भीर
यातना

नेपाल तामाङ घेदुङ
संघीय कार्य समिति काठमाडौं
स्था: २०१३



महेन्द्र तामाङलाई
अमानवीय व्यवहा



अधिवक्ता मञ्जु
तामाङलाई यातना र
गिरफ्तारी

नेपाल तामाङ घेदुङ
केन्द्रीय कार्य समिति काठमाडौं
स्था: २०१३




कृति गोलेलाई
अमानवीय यातना





ज्ञानेन्द्र घर्ती

नेपाल तामाङ घेदुङ
केन्द्रीय कार्य समिति काठमाडौं
स्था: २०१३








६
११







